# पहिलो परिच्छेद

# सिर्जना परिचय

## १.१ शीर्षक

प्रस्तुत सिर्जनाको शीर्षक **उषाकिरण** खण्डकाव्य रहेको छ ।

## १.२ प्रयोजन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि यो सिर्जना खण्डकाव्य तयार पारिएको हो ।

## १.३ समस्याकथन

नेपाली साहित्यभित्र विभिन्न विधाहरूको सिर्जना गरिँदै आएको छ । जसअनुरूप नेपाली कविता क्षेत्रमा प्रगीतात्मक, आख्यानात्मक कविता र नाटकीय कविताहरू लेखन भैरहेका छन् । कविताको संरचनात्मक आधारलाई अँगालेर काव्यसिर्जना हुनु कवितासिर्जनामा महत्तम उपलब्धि हुन जान्छ । कविताको विकासक्रमलाई अगाडि बढाउँदै जाँदा कविताको सर्वोत्तम परिभाषा खोज्दै सिर्जनामा पनि निश्चित संरचना हुनुपर्ने देखिन्छ । सिर्जनाले आफ्नो खास संरचना, तत्त्व र अभिलक्षणहरू विना उत्तम सिर्जनाको श्रेय पाउन नसक्ने भएकाले आख्यानात्मक कविता सिर्जना शोधका समस्याहरू निम्नानुसार छन् :

(१) नेपाली कविताको सङ्क्षिप्त इतिहास केकस्तो रहेको छ ?

(२) आख्यानात्मक कृतिको रचना केकसरी गर्न सकिन्छ ?

(३) आख्यानात्मक कृतिको विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.४ उद्देश्य

यस सिर्जना कार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

१. नेपाली कविताको सङ्क्षिप्त इतिहास प्रस्तुत गर्नु,

२. आख्यानात्मक कृतिको रचना गर्नु,

३. आख्यानात्मक कृतिको विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली आख्यानात्मक कविताको सङ्क्षिप्त इतिहासलाई हेर्दा नेपाली कविताको ऐतिहासिक काल विभाजनअनुरूप नै आख्यानात्मक कविताले पनि आफ्नो विकसित रूप देखाउँदै आएको पाइन्छ । नेपाली कविताको प्राथमिक कालमा वसन्त शर्मा लुइटेल (१८६०-१९४७) ले शार्दूलवीक्रिडित छन्दमा लेखेको **कृष्णचरित्र**लाई नेपालीको पहिलो आख्यानात्मक कृति वा प्रबन्धकाव्यको रूपमा लिइएको छ ।

प्राथमिक कालमा विद्यारण्यकेशरी, हीनव्याकरणी विद्यापति, पतञ्जलि गजुर्‍याल, रघुनाथ पोखरेल हुँदै काव्यरचनाक्रम अघि बढ्दछ तापनि प्रगीतात्मक कविताहरूकै संरचनाका काव्यहरू यस कालमा बढी देखापर्दछन् । रामभक्ति धाराका केन्द्रीय प्रतिभा भानुभक्त आचार्यमा आइपुगेपछि मात्र नेपाली काव्यजगत्मा आख्यानात्मक कविताको संरचना भनेर ढुक्क हुने **बधूशिक्षा, भक्तमाला** र **प्रश्नोत्तरमाला**जस्ता कृतिहरू विषयवस्तु तथा आकार प्रकारगत दृष्टिले आख्यानात्मक कविताको दर्जामा पाइन्छन् । भानुभक्त भन्दा उत्तरवर्ती कविहरू अगमदिल दास, अखडदिल दास तथा ज्ञानदिल दासजस्ता कविहरूले पनि लोकगाथात्मक मौलिक तथा आख्यानात्मक कविता (खण्डकाव्य) को सिर्जना गरेको देखिन्छ । ज्ञानदिल दासको **उदय लहरी** (१९३४) र भजनसङ्ग्रहले पनि आख्यानात्मक कवितालाई बामे सार्ने कार्य गरेको पाइन्छ ।

नेपाली कविताको माध्यमिक काल शृङ्गारिक धाराको कालखण्ड थियो । जुन कालमा केन्द्रीय प्रतिभा मोतीराम भट्ट थिए । उनका **पिकदूत** (१९४५), **उषा चरित्र** (१९५५), शिखरनाथ सुवेदीका **शृङ्गारदर्पण** (१९५५) र बाह्रमासे (१९५५), कृष्णप्रसाद रेग्मीको **ऋतुमाला** (१९६०), **बाह्रमासे** (१९६०), **प्रभावती चरित्र** (१९६१), **पट्ठापट्ठीको प्रीति सम्बन्ध** (१५६२) जस्ता काव्यको सिर्जना भएको पाइन्छ । शम्भुप्रसाद ढुङ्गेलले **पञ्चक प्रपञ्च, रामाश्वमेघ**, **बाह्रमासे, वेश्यावर्णन** आदि प्रगीतात्मक तथा आख्यानात्मक कृतिहरू रचना गरी आख्यानात्मक काव्यको विकासमा योगदान दिएको पाइन्छ भने बैजनाथ सेढाईं (१९५०-२०१२) ले पनि **विवाह शतक, भूचन्द्रचन्द्रिका** र

**चन्द्रमयूख**जस्ता काव्यहरू लेखी आख्यात्मक काव्यलाई अघि बढाएको पाइन्छ । यस दृष्टिले हेर्दा यो कालले आख्यानात्मक काव्यसिर्जनको पूर्वकार्यलाई उर्वर पारेको पाइन्छ ।

**शारदा** १९९१ पत्रिकाको प्रकाशनपश्चात् प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचनायुक्त कविताको सशक्त रूपमा सिर्जना हुन थालेको देखिन्छ । प्राथमिक र माध्यामिक कालमा पनि लोकगीति छन्दलाई प्रयोग गरिएको पाइन्छ तापनि गीति, लोक र भ्याउरे छन्दका सफल प्रयोक्ता महाकवि लक्ष्मीप्रसाद देवकोटा नै हुन् । उनले **मुनामदन, कुञ्जिनी**लगायत दर्जनौं खण्डकाव्य लेखी आख्यानात्मक कविताको क्षेत्रलाई विशेष उर्वर पारेको पाइन्छ । त्यस्तै माधवप्रसाद घिमिरेले **पापिनी आमा** ( २०१३) खण्डकाव्य लेखेर लोकछन्दलाई जीवन्त पारेका छन् भने अन्य कविहरूले पनि विभिन्न छन्दमा आख्यानात्मक कविताहरू सिर्जना गरेको पाइन्छ । खासगरी मुनामदनबाट 'भ्याउरे भनी नगरे हेला' भन्दै लोकछन्दमा आख्यानात्मक कविता लेख्ने पहिला कवि देवकोटा नै हुन् । देवकोटा, माधव घिमिरे, केदारमान व्यथित, भूपि शेरचन, केवलपुरे किसान, गोकुलप्रसाद जोशी, कञ्चन पुडासैनी, कालिप्रसाद रिजाल, कृष्णप्रसाद पराजुली आदिले पनि लोक छन्दमा थुप्रै काव्यहरू सिर्जना गरेको पाइन्छ ।

यसै लोक छन्दलाई पछ्याउँदै युवा पुस्ताद्वारा पनि आख्यानात्मक कविताको सिर्जना गरिएको पाइन्छ । डा. कृष्णराज डी. सीले **निशा निरज** आख्यानात्मक कृतिको सिर्जना गरेका छन् भने नारी प्रतिभा रेणुका भट्टराईले पनि यसै छन्दमा **मञ्जरी** आख्यानात्मक खण्डकाव्यको सिर्जना भइसकेको पृष्ठभूमिमा सिर्जनाकार बेगमप्रसाद सेडाईद्वारा **उषाकिरण** आख्यानात्मक कविताको सिर्जना गरिएको छ ।

यसरी हेर्दा नेपाली कविताको इतिहासभित्र शास्त्रीय छन्दका साथै लोकछन्दको प्रयोग पनि काव्यजगत्‌ले अँगाल्दै आएको इतिहास पाइन्छ ।

## १.६ विधि

**उषाकिरण** खण्डकाव्य सिर्जना कृति भएकाले यसको सैद्धान्तिक खण्ड र विश्लेषण खण्डमा ऐतिहासिक र संरचनात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## १.७ रूपरेखा

यस सिर्जनापत्रलाई निम्नलिखित चार परिच्छेदमा प्रस्तुत गरिएको छ ।

(१) पहिलो परिच्छेद : **सिर्जना परिचय**

(२) दोस्रो परिच्छेद : **नेपाली कविताको सङ्क्षिप्त इतिहास**

(३) तेस्रो परिच्छेद : **उषाकिरण खण्डकाव्य**

(४) चौथो परिच्छेद : **उषाकिरण खण्डकाव्यको विश्लेषण**

# दोस्रो परिच्छेद

## नेपाली कविताको सङ्क्षिप्त इतिहास

### २.१ कविताको परिचय

कविता साहित्यको एउटा सर्वप्राचीन विधा हो । कविताका बारेमा पूर्व र पश्चिम दुबैतिर प्रशस्त चर्चा भएको पाइन्छ ।

प्राचीन कालमा पूर्वमा ‘काव्य’ शब्दले समग्र साहित्यको पर्यायका रूपमा बोध गराउँदथ्यो । काव्य शब्दको व्युत्पत्ति कवि शब्दमा य (व्यत्) प्रत्यय लागेर भएको हो । यसले कविद्वारा गरिएको रचना, अथवा कविको सिर्जना अथवा कविद्वारा सम्पन्न कार्य भन्ने अर्थ बोध गराउँदछ ।

काव्यसिर्जना गर्ने व्यक्तिलाई कवि भनिन्छ । कवि शब्दको निर्माण कव् धातुमा इ(इन्) प्रत्यय अथवा ‘कु’ धातुमा अ (अच्) र इ प्रत्यय लागेर भएको हो । कव् धातुले सर्वज्ञता वा वर्णनकौशलको अर्थबोध गराउँछ । त्यसैले कविको तात्पर्य सर्वज्ञ एवम् वर्णन कलामा निपुण व्यक्ति भन्ने हुन्छ ।

काव्य र कवि शब्दको व्युत्पत्तिको जानकारीपछि कविता शब्दको व्युत्पत्ति जान्नु पनि उत्तिकै आवश्यक छ । कवि शब्दमा त (तल्) र आ (टाप्) प्रत्यय जोडिएर कवि+ता शब्दको निर्माण भएको हो । कविले रचनाकारलाई तथा ताले कविको रचनालाई बुझाउँछ । यस व्युत्पत्तिअनुसार कविताको तात्पर्य कविद्वारा सिर्जित रचना विशेष वा कविको कर्म भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा काव्य, कविता र कवि शब्द परस्पर सम्बद्ध देखिन्छन् । कविद्वारा काव्य/कविताको सिर्जना गरिने हुँदा काव्य/कवितालाई कविकर्म र कवि सिर्जित रचना तथा कविलाई समेत सर्जक मानिन्छ ।

यसैगरी पाश्चात्य साहित्यमा पूर्वको कवि शब्दको समानार्थी शब्द 'poet' हो । यसले कवि अर्थात् कविताको रचना गर्ने व्यक्ति भन्ने अर्थ दिन्छ । poet बाट निर्मित 'poetry' शब्दको अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कविकर्म भन्ने हुन्छ ।

पश्चिममा poetry लाई poem पनि भनिन्छ । poem शब्दले पनि poetryn झैँ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कविकर्म भन्ने अर्थ दिन्छ ।

यसरी हेर्दा पूर्वीय साहित्यको कवि र पश्चिमी साहित्यको poet तथा पूर्वीय साहित्यको कविता/काव्य र पश्चिमी साहित्यको poetry/poem शब्द समानार्थीका रूपमा रहेका देखिन्छन् । कवि वा poet ले रचनाकार र कविता/काव्य वा poetry/poem ले रचनालाई बुझाउँछ । यसर्थ पूर्व र पश्चिम दुबैतिर यिनले दिने अर्थ पनि प्रायः समान रहेको देखिन्छ ।

निष्कर्षमा कविता भनेको कविद्वारा सिर्जित रचना वा कृति हो । कविताका बारेमा पूर्वीय र पाश्चात्य दुबै क्षेत्रका विद्वान्हरूले जेजस्ता परिभाषा दिएका भए पनि तिनीहरूको समग्र व्याख्याबाट कविताको परिभाषालाई यसरी प्रस्तुत गरिएको छ :

**भाव, विचार वा विशिष्ट लयात्मक भाषिक संरचना कविता हो ।** [१]

## २.२ कविताका संरचक घटकहरू

कविता साहित्यको सर्वप्राचीन एवम् सशक्त विधा हो । कविता पनि निश्चित घटक वा अवयवहरूको मेलबाट सिर्जना हुन्छ । विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्ध पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्त्व (सत्ता) लाई संरचना भनिन्छ । त्यसैले कविताका संरचक घटकहरूलाई मूलतः यसरी उल्लेख गरिएको छ । [२]

१. वस्तु
२. सहभागी
३. परिवेश
४. उद्देश्य
५. दृष्टिबिन्दु
६. भाषाशैलीय विन्यास

---

१ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौ : ने.रा.प्र.प. २०६०) पृ. १८ ।

२ **ऐजन,** पृ. ७६ ।

### २.२.१ **वस्तु**

कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्त्व तथा आन्तरिक सत्त्व वा गुदीलाई वस्तु भनिन्छ ।[३] वस्तु जुनसुकै कृतिलाई अस्तित्त्व प्रदान गर्ने सर्वप्रमुख तत्त्व हो । वस्तुबिना कृतिको संरचना हुँदैन । यसअन्तर्गत विषय, सत्त्व, आधारतत्त्व र यथार्थ पर्दछन् । कृतिको विशेष र आवश्यक घटक मानिने वस्तु कृतिको प्रकृतिअनुरूप फरक फरक हुन्छ । प्रगीतात्मक कवितामा मुख्यतः भावना, विचार, आख्यानात्मक कवितामा घटना, प्रसङ्ग वा कथानक र नाटकीय कवितामा कार्यव्यापार वा द्वन्द्वका रूपमा वस्तुको भूमिका रहेको हुन्छ ।

### २.२.२ **सहभागी**

सामान्यतया साहित्यिक कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ ।[४] सहभागी वा पात्रहरू मानव र मानवेतर वस्तुहरू पनि हुन सक्दछन् । यस्ता मानवेतर वस्तुहरूलाई लेखकले मानवीय व्यक्तित्त्वका रूपमा आरोपित गरी प्रस्तुत गर्दछ । यस दृष्टिकोणबाट सिर्जनामा सहभागी मानव नै हुनुपर्दछ भन्ने छैन । सहभागीहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विभाजन गर्न सकिन्छ । प्रत्येक कृतिमा माथिका सबै खाले सहभागीहरूको सहभागिता अनिवार्य नभए पनि कुनै न कुनै प्रकारका सहभागीको सहभागिता चाहिँ अनिवार्य हुन्छ । किनकि सहभागीहरूले कृतिलाई जीवन्त र गतिशील तुल्याउँछन् ।

### २.२.३ **परिवेश**

कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ ।[५] यसलाई देशकाल, परिस्थिति, वातावरण, कार्यपीठिका र पृष्ठभूमि पनि भनिन्छ । घटना कहिले, कहाँ र कसरी घटित

---

३ **ऐजन,** पृ. ७७

४ **ऐजन,** पृ. ८६

५ **ऐजन,** पृ. ९१

भयो भन्ने कुरालाई परिवेशले जनाउँछ । यसले ठाउँ, समय, वातावरणका साथै घटना घटित हुने भौतिक स्थितिलाई समेत बुझाउँछ । वास्तवमा परिवेश भनेको देश, काल र वातावरण हो । परिवेशअन्तर्गत स्थान, समय र वातावरण पर्दछन् ।

### २.२.४ उद्देश्य

साहित्यसिर्जनाको प्रयोजनलाई उद्देश्य भनिन्छ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्यिक सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । बिना उद्देश्य साहित्यिक कृतिको रचना गरिँदैन र हरेक कृति कुनै न कुनै प्रयोजनपूर्तिका लागि रचिन्छ । त्यसैले काव्यको आवश्यक तत्त्वका रूपमा उद्देश्यलाई लिइन्छ ।

### २.२.५ दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिकालाई वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ ।[६] सामान्यतया हेराइको कोण वा परिप्रेक्ष्यलाई जनाउने दृष्टिबिन्दु प्रस्तुतिसँग सम्बन्धित संरचक घटक हो । कृतिकारको स्थितिलाई बुझाउने दृष्टिबिन्दुले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठकसमक्ष पुऱ्याउने तरिकालाई पनि बुझाउँछ । यसले कृतिको वस्तुलाई सम्प्रेषणीय र संवेदनशील तुल्याउन मद्दत पुऱ्याउँछ । दृष्टिबिन्दुलाई पहिलेपहिले आख्यानात्मक कृतिको मात्र संरचक घटक मानिएको पाइए पनि अहिले यसलाई कवितालगायत सबै प्रकारका कृतिको संरचक घटक मानिन्छ । दृष्टिबिन्दुलाई सहभागिताको आधारमा सहभागी र असहभागी गरी दुई प्रकारले विभाजन गरिएको छ ।

### २.२.६ भाषाशैलीय विन्यास

सुव्यवस्थित ढङ्गले क्रमबद्ध रूपमा राख्ने कामलाई विन्यास भनिन्छ । सुहाउँदो रूपले मिलाएर व्यवस्थित गर्ने वा योजनाबद्ध रूपमा राख्ने तरिका पनि विन्यास हो । कृतिको संरचक घटकको सन्दर्भमा भाषा (सङ्केतक, सङ्केतिक) शैली, अग्रभूमीकरण (विचलन र समानन्तरता) बिम्बप्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई

[६] **ऐजन**, पृ. ९७

भाषाशैलीय विन्यास भनिन्छ ।[७] प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचना भएको कविताकृतिमा भाषाशैलीय विषयअन्तर्गत आउने यी सबै एकाइहरूको व्यवस्थापन विभिन्न ढङ्गले गरिएको हुन्छ । जसमा भाषा, शैली, बिम्ब र बिम्बविधान, प्रतीक, लय, अलङ्कार आदि पर्दछन् ।

## २.३ कविताको वर्गीकरण

पूर्वीय साहित्यमा समग्र साहित्यको पर्यायका रूपमा लिइएको कवितालाई विभिन्न आचार्यहरूले विभिन्न आधारमा काव्य/कविताको परिभाषा गर्दै छन्द, भाषा, विषयवस्तु, स्वरूप, माध्यम, आकार, स्तर आदिका आधारमा वर्गीकरण गरिएको पाइन्छ भने पश्चिममा महाकाव्य, प्रगीत र छन्दमुक्त कवितामा वर्गीकरण गरी तिनका उपवर्गीकरणसमेत गरिएको पाइन्छ ।

वर्तमान परिवेशमा कवितालाई समग्र संरचनात्मक रूपले तीन प्रकारमा विभाजन गरिएको छ । [८]

१. प्रगीतात्मक कविता

२. आख्यानात्मक कविता

३. नाटकीय कविता

### २.३.१ प्रगीतात्मक कविता

एकल वक्ताका मनोदशा वा ज्ञानको विचार र अनुभूति अभिव्यञ्जित ज्यादै छोटा कविताका लागि सामान्य तथा प्रगीत शब्दको प्रयोग गरिन्छ । धेरैजसो प्रगीत कविताका वक्ताहरूले एकान्तमा गरिने चिन्तनको प्रतिनिधित्व गर्दछन् ।

व्यापक अर्थमा प्रगीतात्मक कविताभित्र आख्यानात्मक र नाटकीय कविताबाहेक अन्य विशिष्ट स्वरूपका कविताहरू समाविष्ट गरिन्छ । प्रगीतात्मक कविता भनेको

---

[७] **ऐजन**, पृ. १०६ ।

[८] **ऐजन**, पृ. ४१ ।

प्रायः लघु आयाममा कवि स्वयम् वा अन्य व्यक्तिविशेषका वैयक्तिक आचरण, अनुभूति एवम् विचारहरूको अभिव्यक्ति गरिएको रचना प्रगीतात्मक कविता हो ।

### २.३.२ आख्यानात्मक कविता

आख्यानात्मक कविता प्रगीतात्मक कविताभन्दा आयामगत र प्रबन्धगत रूपबाट फरक हुन्छ । आख्यान भन्नाले गद्याख्यान, कथा वा उपन्यास भन्ने बुझिन्छ । सामान्यतया आख्यानले कथानक, उक्ति, आख्यायिका, वृत्तान्त आदि अर्थ बोध गराउँछ भने साहित्यिक सन्दर्भमा आख्यानले गद्य वा पद्यमा लेखिएको कथात्मकयुक्त सानो वा ठूलो आयामको रचनालाई जनाउँछ ।

कविताको प्रगीतात्मक र नाटकीय प्रकारबाट कवितालाई विभेद गराउने अर्को महत्त्वपूर्ण प्रकार आख्यानात्मक कविता हो । यसलाई प्रबन्धात्मक कविता पनि भनिन्छ । "यस्ता कवितामा प्रायः विगतका घटनाहरूको वर्णन हुन्छ र यो वर्णन कर्ताको दृष्टिबाट तृतीय पुरुष प्रधान हुन्छ ।"[९] कथा भनिएको कविता अर्थात् आख्यानात्मक कविता भनिन्छ । यसका अनेक प्रकारहरूमध्ये मुख्य प्रकार गाथा, महाकाव्य र छान्दिक रोमान्स हुन् भनिएको पनि पाइन्छ । कवितामा कथावस्तु, चरित्र, परिवेश, आदिको विस्तृत एवम् व्यापक वर्णन हुन्छ । कथावस्तु परम्परित प्रसिद्ध घटनामा आधारित वा कविकल्पित जुनसुकै विषयको पनि हुन सक्दछ ।

प्रगीतात्मक र आख्यानात्मक दुबै कविताकै भेद भए पनि यिनमा तात्त्विक अन्तर परिवेशले सृजना गर्दछ । प्रगीतात्मक कवितामा कथासूत्र, सहभागी र परिवेश सङ्केतित हुन सक्छ तर यी सबैको वर्णन यसमा निरन्तर गरिन्न । सङ्केतस्वरूप विवरण मात्र प्रस्तुत गरिन्छ तर आख्यानात्मक कवितामा यी सबैको व्यापक र विस्तृत वर्णन अनिवार्य हुन्छ । यसमा कथासूत्र मात्र नभएर कथानकको क्रमबद्ध प्रस्तुति, सहभागी र परिवेशको व्यापक चित्रण गर्नाका साथै कथानकलाई सङ्गठित वा असङ्गठित रूपमा विस्तारपूर्वक वर्णन गरिन्छ ।

---

[९] **ऐजन,** पृ. ४९ ।

### २.३.३ नाटकीय कविता

प्रगीतात्मक र आख्यानात्मकभन्दा भिन्न कविताको अर्को प्रकारलाई नाटकीय कविता भनिन्छ ।[१०] यसको सम्बन्ध नाटकसँग रहेको देखिन्छ । नाटकीय कविताको सिर्जना गर्दा नाटकीय धर्मको निर्वाहमा विशेष ध्यान दिइएको पाइए पनि यो कविता नाटक नभएर नाटकीय रूपमा लेखिएको कविता हो । यसमा कविताका माध्यमबाटै कविताभित्र नाटकीयता पैदा गरिएको हुन्छ । यस्ता कविताको वक्ता विशेषतः कवि स्वयम् नभएर कल्पित वा ऐतिहासिक पात्र भए पनि त्यसमा प्रस्तुत व्यक्तिमा कवि व्यक्तित्त्व प्रक्षेपित भएको हुन्छ र यसबाट अनेक व्यक्ति, सन्दर्भ र परिस्थितिको प्रतिनिधित्व हुन सक्छ ।

नाटकीय कवितामा घटनावलीको आकस्मिक परिवर्तन र विभिन्न नयाँ मोडहरूको सिर्जना भइरहन्छ । नाटकीय कविता अङ्क, दृश्य, प्रसङ्ग पङ्क्तिपुञ्ज, पङ्क्ति आदिमा विभाजित हुन्छ । यस्तो विभाजन चिन्हीकृत वा अचिन्हीकृत दुबै हुन सक्दछन् । यसरी नाटकीय कविताको परिचय दिँदा द्वन्द्वात्मकता, संवादात्मकता र दृश्यात्मकतायुक्त विशिष्ट लयात्मक संरचनालाई नाटकीय कविता भनिन्छ । नाटकीय कवितालाई अन्य कविताप्रकारबाट पृथक् तुल्याउने प्रमुख कारण कार्यव्यापार वा द्वन्द्व, संवाद र दृश्यात्मक विधिहरू छन् ।

## २.४ नेपाली कविताको काल विभाजन

नेपाली कविताको इतिहासलाई विभिन्न विद्वान्हरूले आआफ्नै ढङ्गबाट विभाजन गर्दै आएको पाइन्छ । कतै प्रभावशाली शासक, विशिष्ट साहित्यकार व्यक्तित्व, साहित्यिक प्रभाव, प्रवृत्ति, राजनैतिक आन्दोलन, ऐतिहासिक कालखण्ड आदिका विभिन्न आधारमा गर्ने गरेको काल विभाजन विवाद रहित हुन सक्दैन र नेपालीमा कविताको काल विभाजनमा पनि यही स्थिति रहेको देखिन्छ ।

---

[१०] **ऐजन**, पृ. ५५ ।

पछिल्लो समयमा आएर ऐतिहासिक एवम् वैज्ञानिक दृष्टिकोणबाट बढी उपयुक्त हुने गरी नेपाली कविताको विकासक्रमलाई निम्नानुसार ढङ्गले तीन कालखण्डमा बाँडेर देखाइएको छ ।[११]

१. प्राथमिक काल (सुरुदेखि १९४० सम्म)

(१) पूर्वार्ध (सुरुदेखि १८७१ सम्म) वीरधारा

(२) उत्तरार्ध (१८७२ देखि १९४० सम्म) भक्तिधारा

२. माध्यमिक काल (१९४१ देखि १९९१ सम्म)

(१) पूर्वार्ध (१९४१ देखि १९७४ सम्म) शृङ्गारिक धारा

(२) उत्तरार्ध (१९७५ देखि १९९१ सम्म) शास्त्रीयतावादी परिष्कारवादी धारा

३. आधुनिक काल (१९९१ देखि यता)

(१) स्वच्छन्दतावादी धारा (१९९१ देखि २०१६)

(२) प्रयोगवादी धारा (२०१७ देखि २०३५)

(३) समसामयिक धारा (२०३६ देखि यता)

उपर्युक्त नेपाली कविताका तिनै काल भित्रका विभिन्न चरण वा धारा र उपधाराहरूको काल विभाजन तलको तालिकामा यसरी प्रस्तुत गरिएको छ ।[१२]

---

[११] **ऐजन** पृ. १६७ ।

[१२] **ऐजन** पृ. १६७ ।

## नेपाली कविताको काल विभाजन

### १. **प्राथमिक काल (सुरुदेखि १९४० सम्म)**

यस काल विभाजनमा वीर र भक्तिधाराहरूलाई उल्लेख गरी अध्ययनलाई सुगम पारिएको छ । सुवानन्द दासद्वारा रचित 'पृथ्वीनारायण शाह' (१८३०-३१तिर) कविता नेपाली कविताको जेठो एवम् वीरधाराको कविता हो ।

प्राथमिक काललाई पनि पूर्वार्ध वीरधारा र उत्तरार्ध भक्तिधारामा विभक्त गरिएको छ । सुवानन्द दासदेखि यदुनाथ पोखेलसम्म वीरधाराका कविहरूले राष्ट्र, राष्ट्रियता, वीरभावना भएका कविता रचेको देखिन्छ ।

१८७२ को सुगौलीसन्धि पछि मोतीरामको उदय नहुँदासम्म भक्तिधारा कायम रहन्छ । यो धारा पनि कृष्ण भक्तिधारा, राम भक्तिधारामा र निर्गुण भक्तिधाराका । कविताहरू यस कालका उपलब्धिहरू हुन् ।

### २. **माध्यमिक काल (१९४१–१९९१)**

मोतीराम भट्टको आगमनदेखि स्वच्छन्दतावादको प्रारम्भसम्मको अवधिलाई नेपाली कविताको माध्यमिक काल भनिन्छ । यसका मूलतः दुई चरणहरू हुन्:

१ पूर्वार्ध चरण-शृङ्गारिक धारा

२ उत्तरार्ध चरण-शास्त्रीयतावादी धारा

मोती मण्डलीय काव्यशैली माध्यमिक कालीन पूर्वार्धको चरित्र हो । उर्दू, फारसी, सस्कृतका साथै झर्रा नेपाली शब्द यस धारामा स्वभाविक रूपमा प्रयोग भएको पाइन्छ । प्रगीतात्मक कविता अन्तर्गत ईश्वरभक्ति, नीतिशिक्षा र शोकको अभिव्यञ्जना यस कालका अभिव्यक्त भएको कवितामा पाइन्छ ।

माध्यमिक कालको उत्तरार्धमा शास्त्रीयतावादीधारा रहेको छ । शृङगारको परित्याग र बौद्धिकताको अनुशरण गरी प्रगीतात्मक संरचना र आख्यानात्मक संरचनाका प्रशस्त काव्यकृतिहरू यस धारामा सिर्जिएका छन् ।

## ३. आधुनिक काल (१९९१ देखि यता)

आधुनिकता शब्द नै जटिल छ भने आधुनिकता पनि एक जटिल अवधारणा हो । यसका विषयमा अनेक मतमतान्तर पाइन्छन् । नेपाली कविताको इतिहासलाई हेर्दा तथ्यपूर्ण, ऐतिहासिकता र वैज्ञानिकताको आधारमा आधुनिक काललाई डा.खगेन्द्रप्रसाद लुइटेलको **आधुनिक नेपाली समालोचना** (२०५७) नामक पुस्तकले प्रस्ट पारेको छ ।

आधुनिक कालको नेपाली कविताको समयावधिलाई प्रवृत्तिगत आधारहरूमा निम्नलिखित ३ चरणबाट विश्लेषण गर्ने गरिएको पाइन्छ । परम्परित शास्त्रीय नियमको उलङ्घन गर्दै वैयक्तिक इच्छा, आकाङ्क्षा, कुण्ठा, निराशा, पीडा, वेदना आदिको स्वतःस्फूत अभिव्यक्ति यस धाराका प्रवृत्तिहरू हुन् । यस धाराका कविताहरूमा भावगत उन्मुक्तता, अनियन्त्रितता र स्वच्छन्दता पाइन्छ । जुन स्वच्छन्दतावादी धाराको विशेषता हो ।

परम्परित मूल्य र मान्यतालाई तर्कपूर्ण खण्डन गर्दै त्यसका सट्टामा प्रयोगात्मक नवीनताको स्थापनालाई प्रयोगवाद भनिन्छ । [१३]

यस धाराभित्र अन्य उपधारा वा मोडहरू पनि जन्मिए । जसले प्रयोगवादलाई प्रखर पारेको छन् । ती हुन् :

१. आयामेली आन्दोलन २०२०

---

[१३] **ऐजन,** पृ. २९६

२. राल्फा आन्दोलन २०२३ तिर

३. अस्वीकृत जमात २०२६

४. अमलेख २०२६

५. यङ्ग राइटर्स फ्रन्ट २०३१

६. बुटपालिस २०३१ असोज १२

दार्जिलिङबाट थालिएको तेस्रो आयाम ईश्वर बल्लभ, वैरागी काइँलाबाट अघि बढाइन्छ र मोहन कोइरालाद्वारा हुर्काइन्छ । लामा कविताको सिर्जना, प्रतीकात्मक, अमूर्त, बौद्धिक दुर्बोध्य, बिम्ब एवम् प्रतीक र मिथक आदिको प्रयोग प्रयोगवादी कवितामा अत्यधिक मात्रामा पाइन्छ ।

समसामयिक धारा आधुनिक कालको पछिल्लो धारा हो । नेपाली कविताको समसामयिक धाराका सन्दर्भमा डा. खगेन्द्रप्रसाद लुइटेलले **नेपाली कविता** (२०५४) तथा **नेपाली कवि र कविता** २०५४ नामक पुस्तकमा व्यापक चर्चा गरेका छन् ।

डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा नेपाली कविताको परम्परामा २०३० को दशकको मध्यदेखि वा २०३५-२०३६ देखि हालसम्मको समयावधिलाई समसामयिक धारा भनी किटान गरिएको पाइन्छ ।[१४]

प्रयोगवादलाई खार्न तथा तिखार्न यस समयावधिमा अरू अभियानहरू पनि जन्मिएका थिए । जसलाई देहायबमोजिम देखाइएको छ ।[१५]

| **अभियान** | **प्रारम्भ वर्ष** |
|---|---|
| १. सडक कविता क्रान्ति | २०३६ जेठ २७ |
| २. आरोहण मञ्च | २०३८ माघ १७ |
| ३. सडक नाटक अभियान | २०३९ |

[१४] **ऐजन,** पृ. ३३५

[१५] **ऐजन,** पृ. ३३७/३८

| | |
|---|---|
| ४. तरलवाद | २०४० वैशाख १ |
| ५. जनआन्दोलन कविता | २०४६ |
| ६. छन्द बचाऊँ अभियान | २०५३ वैशाख ८ |
| ७. संरक्षण कविता आन्दोलन | २०५३ असौज १० |
| ८. छन्द जागरण अभियान | २०५९ |

समसामयिक नेपाली कविताको पूर्वार्ध (२०३६-२०४६) र उत्तरार्ध (२०४६ देखि यता) लाई मानिएको छ । पूवार्धका कविता पञ्चायत विरोधी हुनुका साथै विसङ्गति र विकृतिमा केन्द्रित थिए भने २०४६ यताका कविताहरू प्रजातान्त्रिक व्यवस्थाभित्रका विकृति, विसङ्गति र नेताहरूको खराब प्रवृत्तिहरूको तथा सशस्त्र सङ्घर्षको विरोध वा समर्थन एवम् शान्तिको कामना गर्नु यस धाराका कवि र कविताको केन्द्रीय प्रवृत्ति रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद

## ‘उषाकिरण’ खण्डकाव्य

## भाग एक

### प्रवेश

उषा र किरण गहना दुबै बिहानी लालीका
आँगनहरू शोभित पार्ने चाहना खाली छ ।

न आयो हाँसो मृदुल सधैँ उषाका ओठमा
किरण पऱ्यो ग्रहणभित्र पीडा र चोटमा ।

जेठमा शीत खसाली शान्ति दिँदैन जूनले
शठको मन पवित्र पार्न सक्दैन गुनले ।

उन्नत मान्छे देखिन्छ आज कङ्काल सरिको
चरित्ररूपी मांसका सेल सबैमा झरेको ।

प्रकृतिभित्र न्यायको राज न भा’को पाइन्छ
सिंहले मृग सर्पले मुसा चपाको पाइन्छ ।

हुरीले लाछ्छ गुँडको डाली बर्सन्छ असिना
शोषक खान्छ सोसेर श्रम दुःखीको पसिना ।

न ढल्दासम्म तरुको साना ठूलो चैँ पिरुवा
धोद्रेको रुख ढलेमा पनि मिचिन्छ बिरुवा ।

ढले नि मिच्ने ढाले नि मिच्ने रुखको तप्केनी
उत्तानो जरा न परेसम्म पलाउँछ छप्केनी ।

जन्मले मान्छे चेतनशील कर्मले च्युत छ
स्वार्थका पछि लागेर मिथ्या अहम्मा जिउँछ ।

सम्पन्न मान्छे विपन्नलाई मान्छे नै न ठान्ने
बैगुन प्रायः मान्छेमा हुन्छ सृष्टिकै छु जान्ने ।

आदरणीय सज्जनवृन्द दुःखको सौगात
फुकाई बाँड्न नमिल्न सक्छ फेरि नि मौका त ।

जेजति होला यसको तौल तौल्नेले जान्ने छ
स्विकारी देऊ पाठकजन यो खुसी मान्ने छ ।

दर्दमा बाँच्या नेपाली मुटु सकिनँ छुन कि
झारेर आँसु सँगसँगै बसी सकिन रुन कि ।

मनले बोल्छ प्रीतिको भाका हिमाली देशको
नयनभरि देखिन्छ चित्र नेपाली भेषको ।

माटोको कथा सबैको व्यथा कसरी ओकलूँ
रगत मिल्या पानीले मुख कसरी खोकलूँ

बादलरूपी च्यातेर पर्दा लालित्य आओस
पीडित सबै मान्छेमा अब मुस्कान छाओस ।

धनी र गरिब यो भेद किन ? मानवी मूर्तिमा
समान मूल्य कायम हुनुपर्दछ धर्तीमा ।

धनले किन्छ इमान यहाँ धनले इज्जत
धनका निम्ति जे गरे पनि हुँदैन बिजेत ।

विचार कस्तो अमानुसिक पला'को भेटियो
मौलनु पर्ने बन्धुत्त्व आज विस्तारै मेटियो ।

धनको खोल ओढेको हाम्रो समाज कस्तो छ ?
रात्रिमा आँखा देखेर फिर्ने उलूक जस्तो छ ।

निर्धनी पनि ईश सन्तति धनी नि सन्तति
निर्धनी धनी मिलेर बल्ल हुँदछ उन्नति ।

लेखन थालेँ दुःखीका माझ पसेर संवाद
दुःखीको माया लाग्दछ भाइ मलाई अगाध ।

मान्छे र मान्छे नसक्नु मिल्न महाको भूल हो
जोजस्तो बन्यौ मानव हेर एउटै मूल हो ।

परोपकार त्याग र मेल मान्छेको सम्पत्ति
भेद र भाव शक्तिको खेल दानवी प्रवृत्ति ।

काव्यका लेखा मिठास रस छन्दले सुनौला
पारेर लान्छ बान्कीला पद छन्दमै बुनौला ।

यान्त्रिक भयो मानव आज आत्माको निर्गति
सबैको देख्छु गिर्दो छ मति मान्छेकै दुर्गति ।

ज्ञानको तृषा देख्दिनँ किन मान्छेको सम्मान
सकेन आज मान्छेले गर्न पलायो अज्ञान ।

आमाको ताज चाँदीले माथ चम्काइरहेछ
गुँडमा यौटै हुर्केकाले नि दम्काइरहेछ ।

प्रेम हो ठूलो यसैमा अट्छ मानवी प्रवृत्ति
प्रेमकै पर्दा खोलेर हेर भेट्दछौ सर्सर्ती ।

भावमा खेल्ने मान्छेले सधैँ कानुन जोख्दैन
कानुनी गिदी भएका सँग ऊ दिल पोख्दैन ।

पाशविक भो सभ्यताभित्र मानिस अहिले
त्यसैले गरोस् रूपान्तरण आत्माको पहिले ।

** ** **

## भाग दुई

## उषा र किरणमा अमर प्रेम बस्दछ

विधिको खेल चलेको रीत नारी र पुरुष
मिलेमा बल्ल मान्छेको जुनी त्यहीँ नै सुरुछ ।

छ जेहेन्दार असल छात्र किरण मेधावी
कलेजभरी खोजेमा मिल्ने एउटा प्रतापी ।

सुशीला उषा बैँसमा फुल्या फूलको डाली छ
मिलेको जीउ सुशील बानी किरण खाली छ ।

वर्जित हुन्न क्वै फूल पनि भमरा बस्नमा
अनर्थ हुन्छ कोपिला त्यसै सुकेर खस्नमा ।

मानिसलाई थिग्राई राख्ने एउटै माया छ
मायाको फल बनेर मिल्ने एउटै काया छ ।

पातले माग्छ रातमा शीत मायाको संसार
चलाई बस्छ प्रकृति पनि माया मै अपार ।

महले छोरी मायाकी डोरी उषाका बाउले
धनाढ्य वर खोजेका थिए बिहेका दाउले ।

भावना मिले जीवन मिल्न आपत्ति पर्दैन
खान्दान खोजे चाहेको जस्तो संयोग पर्दैन ।

प्याउलीभन्दा गुलाब हेर्छन् उद्यान जानेले
पाकेको पुष्ट पीयूष दाना रोज्दछन् खानेले ।

दाँतका ताँती मिलेका कति त्यो सेतो सिउँदो
ती सुलोचना उषाको कति मिलेको चिउँडो ।

सलक्क जीउ बारुली कम्मर हँसिलो मुहार
परीकै सरी धर्तीकी मूर्ति मोती र जुहार ।

देवता पनि लोभिने जस्तो त्यो छटा सौन्दर्य
जवानीपूर्ण भएको गन्ध छर्दथ्यो कौमार्य ।

विनयशील तरुण वय असल चरित्र
किरण पनि भावमा छँदै थिएन दरिद्र ।

अङ्गप्रत्यङ्ग सङ्केत गर्थ्यो पौरुष पनको
दिलको सफा बोलीको मिठो पवित्र मनको ।

एकले अर्को अँगाली मर्ने प्रतिज्ञा गरेका
सिन्दूर साक्षी राखेर माया अगाडि सारेका

बसेको प्रीति नमर्ने रीति सृष्टिको खेलमा
उषाकिरण एक भै छाडे आत्मिक मेलमा ।

चुँडिन्छन् सारा प्रेममा रसी विषम भएका
उषाकिरण एक भै छाडे कसम खाएका ।

भावना मिल्यो विचार मिल्यो चिन्तन एउटै
पारिवारिक बेमेलभित्र ती भए एउटै ।

दुईटा मुटु जोडेर छाड्यो मायाको तारले
उषाकिरण बन्धित भए दाम्पत्य भारले ।

** ** **

## भाग तीन
## उषाकिरण विवाहको सामाजिक टिप्पणी

भोग्नेले भन्दा देख्नेले कुरा मजाले दोचार्छ
दुःखको गौँडो परेको बेला सबैले थचार्छ ।

धनीले भन्छन् छ सिरिखुरी पेरुङ्गा भरिको
व्यवस्था बरु मिलेको हुन्छ गौथली चरीको ।

उषाको जुनी निशाको कालो छाँयामा बिलायो
नियति पनि निष्ठुर भई जहर पिलायो ।

++ ++ ++

कलेज पढ्दा बसेको प्रेम त्यागेनन् दुबैले
प्रणयसूत्रभित्रका बुँदा अँगाले दुबैले

के होला कुन्नी जीवन भन्ने रहेछ बिलने
बनेर नौनी पग्लिई कन कसैमा मिलने

++ ++ ++

हालेको पाउ झिकन बरु नचुक बेसरी
सुकन्या तिमी स्वर्गकी परी बस्दछ्यौ कसरी ?

अमीर चेली मर्दकी छोरी त्यो जाबो गाउँले
शरण परे मरण देलान् अझै नै बाउले ।

कोठीका तिम्रो त्यो दाससित के दिल खोल्दछ्यौ
शिरको स्वामी ठानेर अझै के भूल गर्दछ्यौ ।

पतिले कुल्च्या माटोको धुलो सिन्दूर सम्झन्छु
किरणसित जोडेको प्रीत उनैमा अर्पन्छु ।

मायाको भीख मागेर आएँ किरणसित म
सिन्दुरे नाता जोडेकी मैले तोडेर जान्न म

फकिरीपना पागल जस्तो अर्धानो स्विकार्‍यौ
महलभित्र फुलेकी फूल आफैले बिगार्‍यौ ।

भएको कुरा जे भयोभयो किन लुकाउने
किरण छैन तिम्रो त्यो पाउ बाने सुहाउने ।

छौ परी जस्ती हे उषा ! तिमी अमुक नबन
निर्णय गर उचित तिमी बदल जीवन ।

चोखिन पनि सक्दछ्यौ तिमी बाबाले चाहेमा
अझै नि लान्छन् मर्दकी छोरी खुसी भै पाएमा ।

लाउनेखाने इज्जतसित न भा' को छङ्कट
किरणैसँग रहेमा सधैँ पर्नेछ सङ्कट ।

प्रत्यक्ष कोही परोक्ष कोही विवेक भुट्दछन्
किरण चम्क्या नपच्नेहरू तोड्नमै जुट्दछन् ।

++ ++ ++

भावनाभन्दा सम्पत्ति ठूलो भएको बेलामा
बलेकै आगो तापिँदो रैछ मानव चोलामा ।

श्रमशोषण गर्नेको ठाँट भा' को छ बेसरी
मौलाको हुन्छ रुखमा लाग्ने ऐजेरु जसरी ।

सामन्ती संस्कारभित्रका मान्छे ईर्ष्याका पोका हुन्
राम्री र धनी भेटायो भनी फटाहा रो' का हुन् ।

++ ++ ++

पहिले आ'को परिवर्तन कागजी भै दियो
सामन्तीसत्ता नढलीकन बलियै रै दियो ।

जुध्न त जुधे त्यागेर प्राण त्याग्नेले पाएन
फेरेर पनि एउटा कोल्टो समान भएन ।

देशकै लागि अपाङ्ग बन्यो सपूत किरण
अरब गई वरण गर्नु रहेछ मरण ।

कर्मका दाना पसिना मोती स्वर्गमा गएन्छ
भक्तका निम्ति तथास्तु भन्ने ईश्वर रहेन्छ ।

स्वार्थमा यदि लाग्दैनस् भने मुटुको ढोका खोल्
सत्यको जित कलिमा हुन्न केवल यही बोल् ।

प्रेमको पाटो हेरेन कोही तुलना मात्र भो
किरणप्रति उषाको मन भनभनै दृढ भो ।

बाबाको घर छाडेर हिँड्न परेन अप्ठ्यारो
प्रपञ्चपूर्ण सामन्ती तौल जोखिन भो गाह्रो ।

++ ++ ++

जिविका जोर्न किरण जान्छ अरब सहर
छाडेर घर विदेश पस्ने थिएन रहर ।

भन्नेले भने धोबीले सरी सीताकै हाल भो
किरणबिना उषाको पनि सीताकै चाल भो ।

सहेली बनी सल्लाह दिने नेपथ्य भै दिए
मद्दत हैन दु:खसित पो सापेक्ष भै दिए ।

मनको जोडी किरणपछि साथमा रहेन
अकेली चेली चिरेर जान साहस भएन ।

बाबुले त्यागे साथमा पति नहुँदा हेपेर
बोल्नेले बोले किरण बल्ला बस्दछु खपेर ।

जनमा ज्ञान सुकेर आज खडेरी पर्‍या छ
मान्छेको मति तुहेर आज सडेर झर्‍या छ ।

** ** **

# भाग चार
# उषाको बाबुले उषालाई त्यागदछ

रोजेको वर असल घर खोजेर दिँदा हुँ
लगाई जग्गे धोएर गोडा जल पो खाँदा हुँ ।

फूलको थुङ्गा खेलायो बुङ्गा नाता नै टुटिगो
कोखिको घाउ एउटा फुल म बाट फुटिगो ।

गल्लीको कुत्ता दिल्लीको ढाक्रे निमोठ्यो सुमन
गोबरे कीरा त्यो ज्वाइँ हैन नम्बरी दुस्मन ।

कथित रूढि मान्यता बोकी बाबाले भन्दछन्
छातीमा ढुङ्गो राखेर उल्टै कठोर बन्दछन् ।

दिएको जन्म पुराई कर्म सपार्ने थिएँ म
बाबु र छोरीबीचको नाता टुटाई दिएँ म ।

प्रतिष्ठा उच्च राखेरै बाँचे कुलान थिएँ म
कुलमा धब्बा लाएर जाने कलङ्क भइस् ताँ ।

बुङ्गाका घर प्रेमको डुङ्गा तैरिँदै पुगेकी
स्वीकार्य छैन गल्लीमा हल्ली लत्रिन पुगेकी ।

पानीको बाटो त्यागेर जाने तेरो त्यो साइत
गेटको ढोका लगाइस् छोरी आफैले माइत ।

सबै नै अन्डा कोरल्न पोथी हुँदैन सफल
प्रेमको फल चाखेर बसेस् होला त्यै असल ।

पाउन वर गुमाइदियौ जन्मेको छहारी
मरुभूमिमा सकिन्न फुल्न शीतले चाहारी । [१६]

लिएको जुनी फेरिन्न अर्को मरेर जाने हो
पटकैपिच्छे  खाइन्न विष सुरुमै खाने हो ।

बाँधियौ छोरी बाँधिइरहू दाम्पत्य धागाले
यही हो अर्ती छोरीका लागि दिएको बाबाले ।

++ ++ ++

माटोको भर ढुङ्गाले लिन्छ ढुङ्गाको माटोले
को मुनिमाथि जस्लाई पनि हिँडाल्छ बाटोले ।

पल्टिदा खस्छ माटामै ढुङ्गो माटामै ठोकिन्छ
लछारी माटो भत्काए पनि माटामै रोकिन्छ ।

उच र नीच अछुतछुत धनी र निर्धनी
मान्छेले कोऱ्या श्रेणी नै सबै गिराए गिर्छ नि ।

बाहिरी रूप जे भए पनि भावना सुन्दर
राखेर चल्ने मान्छेले विश्व फेरेर लान्न र ?

** ** **

१६ सिंचाई गर्नु ।

## भाग पाँच

## किरण अरब जान लाग्दा उषाको संलाप

अरब गई खरब जोर्ने पराया सोचाइ
राखेर गए होचिन्छ हेर हिमाली उचाइ ।

मानिसभित्र ईर्ष्याको पोको गडेको हुँदछ
ईर्ष्याकै आड लिएर पाप बढेको हुँदछ ।

गरेर खानु मरेर जानु चक्र हो जनको
धनकै लागि जिउने आगो नबाल मनको ।

अरब गई खरब लिने नदेख सपना
नपार शून्य यो घरलाई छाडेर आफना ।

छाड्दछे नारी बाबु र आमा पतिका नाउँमा
नुन र चुक नलाई दिनोस् मुटुको घाउमा ।

बादलभित्र चाँदनी हुँदा ओझेल परेझैँ
यो घरभरी ओझेलै देख्छु दिनमै मैले चैँ ।

पानीको फोको पानीमा पर्छ पानीले फुटाल्छ
धनमा मात्र नदेऊ मन धनैले बिटाल्छ ।

बिहानी लाली बोकेको सूर्य निस्कन्छ पूर्वमा
अस्ताई जाँदा संसार पार्छ यो दुई ध्रुवमा ।

ऋतुमा ऋतु वसन्त ऋतु प्रणय चल्दछ
घायलसँग घायलै मिल्छ घायलै खेल्दछ ।

छोएन भने मायाले मेरो म ज्यूँदी हुँदिनँ
लास भै दिन्छु दिएत आज्ञा अब म रुदिनँ ।

जीवन अल्प भौतिक चोला विनाशी संसार
जिउने सर्त आपसी प्रेम दोस्रो नै के छ र !

बाँड्नको लागि सुख र दुःख जीवन सुम्पिएँ
छाडेर जान्छौ किरण किन पीडाले गुम्सिएँ ।

छोडी पो हालेँ बाबु र आमा माइतीको घर
छोडेर जान्छु नभन प्यारा मेरो पो को छ र !

धनका बाटा खोजौंला अन्य नजाऊ विदेश
छातीको ढाल मारेर यहीँ बसौला स्वदेश ।

नाफा र घाटा प्रेममा मैले तराजु जोखिनँ
बसेको माया हुर्काएँ बरु वर्गीय खोजिनँ ।

कुलकी छोरी साहसी थिएँ त्यागेर आएँ म
आफैले छानें मनले रोजें तिम्रै नै भएँ म ।

म तिमीबिना संसार सारा अँध्यारो देख्दछु
सकिनँ छेक्न अरूले अब आँसुले छेक्दछु ।

हे मेरा प्यारा ! जीवन साथी नहोऊ पत्थर
प्यारीको माया बुझेर अब बनन मत्थर ।

जोडी बिनाको ढुकुर सरी बाचुँला कसरी ?
म जान्छु जान्छु शिरका स्वामी नभन त्यसरी ।

सक्दछे त्याग्न एउटी नारी ऐस र खान्दान
पतिको साथ चाहिन्न भन्ने कुरा म मान्दिनँ ।

सबैमा ठूलो माया हो हेर गन्जमा परेवा
घुर्दछ घुर्र गरेर जोडी वियोग परेमा ।

दाजु र भाइ वैरीका पोथ्रा पछार्न खोज्दछन्
सिद्धान्त यस्तो नभए पनि यै बाटो रोज्दछन् ।

सकेमा दाब्ने नसके खोज्ने कानुनी उचेरो
चरित्र भा' का मानिसहरू मान्छेकै खटिरो ।

अप्ठ्यारा पारी फाइदा लिने फटाहा चिनियो
त्यसैले आत्मादेखि नै ब्वाँसा चिनेर बिनियो ।

यसैले बिन्ति म गरुँ कति हे मेरा देवता
म जोर्न जान्छु भनेर भन्दै नभन अब ता ।

संसार तिमी मानेर आएँ जिउने आधार
विदेश जान्छु भनेर ज्यूँदै मलाई नमार ।

अरूको लाख पतिको काख तुलना हुँदैन
भौतिकरूपी सम्पत्तिले त यो आत्मा छुँदैन ।

मान्छेले लायो पखेटाहरू चन्द्रमा, मङ्गल
जो पुग्यो पुग्यो ऊबाहेक अरू भावमा कङ्गाल ।

किरणभन्दा हामी छौँ धनी छिमेकी जेठानी
भेटमा आफै प्रसङ्ग खोली पल्टिन्छन् सैँठानी ।

धन नै हेर्ने भए त जान्थें तिनकै नातामा
कस्सेरै खुब गर्दथे बिहा घरान जातमा ।

जे गर्छु मैले जलेर मर्छन् छिमेकी अर्धना
खोलेर दिल दिँदा हुन् साथ साँच्चिकै मर्द भा ।

बीचमा हाम्रो बसेको माया वर्गमा लगिनँ
प्रेमको पूजा गरेर बसेँ पिरती ठगिनँ ।

दुईटा मुटु जोडेर छाड्यो प्रेमको तारले
जिउँदा हामी रहँदासम्म रेट्दैन धारले ।

** ** **

# भाग छ
## किरणले उषालाई सम्झाउँछ

बस्दैन यहाँ मिलेन काम बेकारी भएर
कमाई धन फर्कुँला फेरि अरब गएर ।

दुष्टको ऋण छातीको किलो भयो नि अहिले
झिकेर फाल्ने उपाय मैले सोच्दै छु पहिले ।

बाबाको काज क्रियामा ला' को ऋणको कागज
च्यातेर खोलूँ स्वर्गको बाटो सोच्दछ मगज ।

विवाह हाम्रो उतार्न काढ्या ऋणको साहुले
अत्याइरा' छ मलाई पोल्छ ऋणकै घाउले ।

महलभित्र डुक्रेर बस्ने थिएन रहर
यी पापी पेट पालेर बस्न काट्नुछ कहर ।

छोराका निम्ति के पर्ने रै छ ! काँध छ गरुङ्गो
बोझको भारी कोचेर राख्ने मिलेन पेरुङ्गो ।

आजको युग अर्थतन्त्रको मान्छेका विचार
गर्दछ तय आर्थिक वृद्धिभित्र छ संसार ।

पहुँच भए जे पनि हुने सीधाको बेहाल
संस्कारभित्र अटाइएन मिलेन क्यै ताल ।

किनिँदो रैछ अस्मिता यहाँ सवैको धनले
धनको राज्य स्वीकार गर्न सकेन मनले ।

वंश र इष्ट धनमा निहित भावना पछि छ
आजका मान्छे यान्त्रिक भई हिंसामा अघि छ ।

आदर्श मान्छे चामलभित्र बियाँका सरिछन्
धनकै लागि बाँचेका मान्छे प्रशस्त भेटिन्छन् ।

उत्तम जुनी मानव चोला हाँक्दछ ध्वाँसमा
आखिर सबै नपरी हुन्न कालका वंशमा ।

कानुन भन्नु सामन्ती सत्ताभित्रको अङ्ग हो
बनाए बन्छ सीधाको ढाड भाँच्दिने ढङ्गको ।

कतिमा हुन्छ कतिमा हुन्न कानुन पुगेको
फलेको वृक्ष कानुन लागि हैन नि नुहेको ।

भौतिक युग जा पुगे पनि भावना रहन्छ
मानवी मुटु भा' कामा मात्र पिरती बहन्छ ।

भौतिकरूपी विकासभन्दा विचार ठूलो हो
अणुबमले चर्काई युद्ध जापान धुलो भो ।

दुनियाँ देख्छ धनमा सुख विलासी पनमा
देख्दैन किन विचार महान् जो हुन्छ मनमा ।

जीवका लागि जीवन पा' का धनकै क्षितिज
उघार्न सके होइन्छ ठूलो भन्ने पो नीति छ ।

यो माटोमाथि अस्मिताभित्र सकिनँ बाँचन
मानवमूल्य खोज्नेले यहाँ सक्दैन हाँसन ।

मुटुमा गाँठो पारेर आज आँगनी छाड्दै छु
बिछोडसित सङ्घर्ष गरी अरब जाँदै छु ।

चन्द्रमा टिप्न नखोज तिमी औँसी नै भुलेर
साइत सार्न लागेको बेला हाँसिद्यौ खुलेर ।

हे प्राणप्यारी ! मुटुकी रानी नबोल अलच्छिन्
साइत बेला हाँसेर बिदा दिनु हो सुलच्छिन् ।

मान्दछु नारी देवीका सरी शक्ति छ अपार
साइत बेला समाई हात मायाले नमार ।

बाबाले छाडे आमाको हाल मलिनो बत्ती छ
नदिई दुःख वैतर्नी तारूँ कलेस यत्ति छ ।

ससुरा भन्छन् भिखारी हुँ म यस्तै छ अवस्था
भिखारीबाट जोगी भैएला घरमै म बस्दा ।

बन्धकी गा' को फर्काई खेत निखन्नु पर्ने छ
भाइ र आमा पालेर घर सिँगार्नु पर्ने छ ।

हारेर हुन्न छोराले दृढ सङ्कल्प गर्नु छ
चलाई घर बुङ्गाको बिल्ला तोडेर मर्नु छ ।

++ ++ ++

बाबुको पिण्ड फुकाइवरी ऋणको चपेटा
टार्नका लागि किरण लाग्यो विदेशी पखेटा ।

माटोको माया जीवन कथा बोकेर हिँड्दछ
वियोगभित्र जलेको मुटु किरण पिट्दछ ।

झिम्रुक नदी बगेकी तिमी उज्यालो बालेकी
छाडेर गएँ आमाको काख मलाई पालेकी ।

शिरमा मेरो सगरमाथा चाँदीझैँ फुलेको
हिमाली काख जन्मेको पाखो छैन म भुलेको ।

वसन्तबिना पालुवा हुन्न पालुवा झुलेर
पार्दछ बल्ल सुन्दर धर्ती कोपिला फुलेर ।

वसन्त आयो वहार छैन काँडाको थुप्रोमा
पर्देशी छोरो कुरेर बसिन् आमाले झुप्रोमा

अँध्यारो सानो झुपडीभित्र उषाको बास छ
किरण पस्ला घरमा भन्ने आमाको आस छ ।

पीडाले पीडा सेकेर बसिन् उषाले घरमा
चौरासी वर्से साक्षात् पितृ सासूको भरमा ।

दुःखका माथि थपिए दुःख षड्यन्त्र गरेझैँ
सबैका दिन कठिन भए गर्तमा परेझैँ ।

++ ++ ++

सावित्रीजस्ती हे मेरी प्राण छोडूँ म कसरी
गरेर माया पाएको काया स्वर्गकै छ सरी ।

नरोइ बसे दुःखका दिन यो घर हेरेर
कमाई फिर्छु गृहस्थी फेरि गरौंला मिलेर ।

** ** **

## भाग सात

## रोशन जनआन्दोलनमा मोर्चाबन्द हुन्छ

किरण जान्छ अरबतिर रोशन पढाइ
विवश हुन्छ छाडेर बस्न गोठालो समाई ।

स्वदेशभित्र चलेको हुन्छ मुक्तिको लडाइँ
छाडेर घर मोर्चामा जान्छ जीवन चढाई ।

आमा र देश हो बराबरी शोषण सहन्न
उर्लेको जन लहर छाडी घरमा रहन्न ।

युद्धको शङ्ख बज्यो नि आमा लड्नु छ वीरले
आशिष देऊ विजयी बन्ने नरोऊ पीरले ।

छोराको मृत्यु रणमा भए वैतर्नी तर्दछ
मुक्तिको युद्ध नलड्ने मान्छे नर्कमा पर्दछ ।

यो रित्तो संसार तरेर त्यही व्यक्तिले जाँदछ
देशका लागि चढ्ने बली कसम खाँदछ ।

पटकै पिच्छे हुँदैन जन्म यै जन्म ठूलो छ
मृत्युका पाना गनेर हुन्न सङ्घर्षै ठूलो छ ।

राज्यले राज नगर्दा सम्म शक्तिको शासन
चलेको हुन्छ निमुखालाई न हुन्छ आसन ।

जन्ताले भेल उर्ला' को युद्ध जन्ताकै हुँदछ
मुक्तिको ज्वाला बलेमा झुप्रा झुप्रामा छुँदछ ।

खोसेर लगे ती तानशाह राज्यको शासन
बाफिई पुग्या बादल सरी गर्ज्याछन् आकाश ।

चर्केला आँधी जनता जागी वर्साद बनेर
झरेर जालान् विलीन भई माटोमा गडेर ।

पिँजडाभित्र थुनेको सुगा बाहिरी संसार
भुल्दछ भन्नु मतिमा आफ्नो लाउनु जञ्जीर ।

गाँसले पाल्छ शरीरलाई मनले विचार
विचार बिना कस्सिनेलाई मिल्दछ धिक्कार ।

आमाको काख जन्मेको भूमि भुलेर हुँदैन
मजस्ता छोरा लडेर मरे यो माटो रुँदैन ।

धर्तीले बीउ उमार्छ आफैँ फुलेर फल्दछ
राष्ट्रका निम्ति मर्नेको यश सर्वत्र चल्दछ ।

गाडेका खाँबा मक्केर गए ढल्दछन् अवश्य
ढलेका खम्बा सिहारी हाम्रो बन्दैन भविष्य ।

ढाल्नु छ सत्ता जसरी पनि दुस्मन लागेको
धर्नु छ बिल्ला सहिद भन्ने देशले मागेको

मान्छेको मूल्य रहेन भने विद्रोह चल्दछ
अस्तित्ववादी लडाइँमा त मसालै बल्दछ ।

वैरीले हाँस्न नपाऊन् यहाँ नेपाली माटोमा
यी पाउ मेरा बढिनै रहून् मुक्तिको बाटोमा ।

थालीमा टीका पालामा बत्ती पवित्र जलाई
सगुन् खुवाई आमाले बिदा दिनुहोस् मलाई ।

बलेको दियो बलेरै रहोस् शिखाले जलाई
अनलमय नहोस् यो माटो यही छ मलाई ।

बाँचेर मात्र हुँदैन मान्छे मृत्युको डरले
खुम्चेर बस्नु पौरुष हैन पुरुष थरले ।

जन्मेर बाँच्न जो पनि सक्छ मरेर बाँच्न ता
जीवन मेरो जन्ताका लागि साँच्या छु साँच्न ता ।

माटोले दिन्छ सराप त्यसै जन्मेर मरेत
मेटिन्छ सान गौरव सबै उपेक्षा गरे त ।

कौरवसँग पाण्डवहरू युद्धमा होमिए
महाभारत सिर्जेर बल्ल सत्तामा जोडिए ।

पुराण कालदेखिकै क्रम सङ्घर्षभित्र छ
स्वाभिमानका लागि त खालि सङ्घर्ष मित्र छ ।

खोजेर यहाँ पाइन्न कल्पवृक्षको लहरो
फोर्नु छ बाहु बलले यहाँ सत्ताको पहरो ।

यो छाती ढाल बन्ने छ आमा सामन्त मास्नमा
सामन्ती सत्ता तगारो भा' छ नेपाली हाँस्नमा ।

म लडेंलडें जितको युद्ध पीडितको नेतृत्त्व
मागेको हुन्छ माटोले सधैँ मुक्ति र भातृत्व ।

एउटा युद्ध दाजुले लड्यो म सानै थिएँ नि
लडेरै मर्छु हे माता ! मेरी स्वीकृति दिए नि ।

युगले धेरै उछिनि सक्यो चेतना बढेन
खान्दानी सान जपेर बस्दा विवेक बढेन ।

कि निरङ्कुश ढाले र छाडे सङ्ग्राम गरेर
कि लाल बनी हुने छु बिदा रणमा मरेर ।

** ** **

# भाग आठ

## बुढी आमाले नजाने आग्रह गर्दछिन्

यो भित्री मन गौरवान्वित भएर भरियो
राष्ट्रका लागि लड्दछुभन्दा दोधार परियो ।

दाजुको हाल के भयो कुन्नी भाउजू असर्दी
तँ पनि हिँडे दुईटी नारी रोउँला बर्बर्ती ।

चालीस पुग्दा विधवा भएँ टुहुरा बालक
पालेर बसैँ कर्मका चिना भएर पालक ।

घरमा तेरो न दाजु ऐले न काका ठूलाबा
म मरिहाले क्रियाको बाटो रोकेर तँ न'जा ।

बाबुले छाडे, दाजुले छाड्यो शत्रुका माझमा
सहाराबिना म बाँच्ने छैन वैरीका गाँजमा ।

अचानो मान्छे, खुकुरी मान्छे, सिकार मान्छे भो
टुहुरीजस्ता सासूबुहारी नछाड भन्या हो ।

म बाँड्छु प्यार मुटुको द्वार खोलेर भावना
कानुनभित्र बाँचेकासित गर्नुछ सामना ।

लडेकालाई सडेको हेर्ने यहाँको चलन
यसैले गर्दा बढ्दछ बाबू मनमा जलन ।

मनले पुज्या वरको घर सम्धीले नकारे
भिखारी भनी कोखीको फुल छोरी नै हकारे ।

पजेरो चढ्नु सर्वस्व हैन नगरे घमण्ड
सुदामा सखा भएका थिए कृष्णका अखण्ड ।

आर्थिक पाटो त्यै मुख्य बाटो खनेछ मान्छेले
न नाता मुख्य न मानवता जाने छ मान्छेले ।

धनले नाप्छ जनले नाता आजको चरित्र
चामलभित्र बियाँझैँ होलान् मानिस पवित्र ।

दोजिया तेरी भाउजू यौटी म काल पर्खेकी
देखुँला बल्ल मुहार तेरो कुशलै फर्के नि ।

गरिब पनि सम्मानसाथ बाँच्ने त्यो शासन
ल्याउन लड्छस् भने त छोरा सकुँला हाँसन ।

धर्तीका निम्ति म पुत्रदान दिनमा तर्सिन्न
पुजेर माटो मर्नुमा सार छ भन्ने बिर्सन्न ।

मभन्दा ठूली हुन् मातृभूमि न जा त भन्दिनँ
धर्तीको मुक्ति चाहान्छस् भने म रोक्दै रोक्दिनँ ।

** ** **

# भाग नौँ

## रोशन आमालाई सम्झाउँछ

**रोशन**- भन्नु त भयो शिरोपर छ हे मेरी ! जननी
कामना गर्छु आमाको मैले चौरासी गरनी ।

देशका मुक्ति खातिर जान्छु आमाले माने त
चरण पर्न आउँला फेरि त्यो काम बने त ।

दैवको पनि त्यो वक्र दृष्टि नपरोस् पुकार
तिरेर ऋण मातृभूमिको गरुँला सुसार ।

भेटाएँ धेरै बेसारे खुब मानिस खल्वाट
खल्वाटैबाट चुसिन पुग्दा देश भो बर्बाद ।

पौरखभित्र अस्तित्त्व हुन्छ सर्वस्व कर्म हो
भएर मर्द देश उतार्नु छोराको धर्म हो ।

हैकमी युग राखेर हुन्न उन्मुक्ति सबको
ल्याउने युद्ध लडेर बाँच्नु माग हो अबको ।

सामन्ती चक्र गाडेर यहाँ बनाए चौतारो
उखेली फाल्न जनतालाई भै रा' छ अप्ठ्यारो ।

मनको कुनो थापेर राख यो मेरो पियार
विस्मृतिभित्र स्मृति पाउन चाहिन्छ सिहार ।

** ** **

## भाग दस
## किरण अरबमा बिचल्ली पर्छ

एषणा थिए मिठास अति किरण मलिनो
भएर बाँचे खाडीमा एक्लै निरीह अलिनो ।

धनले धन जोर्नेको बरु जुर्दछ साइत
दिनले ओध्रो रहेछ थाप्दो असायलाई त ।

नेपाल गए कपालसँगै बर्मामा करम
भनेझैँ भई बाँच्नु पो पऱ्यो पानीको भरमा ।

नमिल्दो जाति न रीतिथिति मुस्लिम चलन
पानीको पनि न मिल्दा भिक्षा छाती भो जलन ।

हिन्दुत्व दाब्नु गौरव हुने रहेछ यहाँ त
अनेक जाल रचेर दण्ड दिइन्छ यहाँ त ।

हिन्दुत्वभित्र बन्धुत्व भाग्यो, अरब खाडीमा
अनुज आफ्नै मिल्थे र कहाँ ओतिन्छु झाडीमा ।

जानको लागि रहेछ भिसा कामको भएन
कम्पनी खोजी हिँडे नि काम जुगाड भएन ।

न खाने गाँस, नबस्ने बास चोक र गल्लीमा
फालेका रोटी खाएर बस्छु परेँ बिचल्लीमा

नेपाली कोही भेटिए पनि नेपाली बोल्दैन
माग्दछ साथ भनेर होला कुरा नै खोल्दैन ।

सम्पत्ति मैले थिइन माग्ने गाँस नै माग्दो हुँ
त्योभन्दा बढी छोडेर गल्ली बास नै माग्दो हुँ ।

न दूतावास भै दियो साथ न अरू नेपाली
फर्काए देश म जाने थिएँ यो शिर उचाली ।

छाडेर आएँ जननी यौटी सेताम्य फुलेकी
पक्कै नै छैनौं होला नि उषा मलाई भुलेकी ।

मनको वह आँखाले पोख्छ जान्दैन भाषामा
कसैले काम दिन्छ कि भन्ने परेर आसमा ।

रोटीको भिक्षा मागेर गल्ली गल्लीमा फैलियो
पुलिस आई समाइ थुने जेलमा वैलियो ।

महिना दिन थुनेर रिहा गरायो लखेटी
उडेर जान्थें म मेरै देश उम्रे त पखेटी ।

टुहुरो पारी बाबुले छोडे विधवा आमाको
मातृत्व भित्र पितृत्व थियो आमाको मायाको ।

त्यो काख छाडी आउँदा आज सरापै जस्तो भो
आकासमुनि छ मेरो बास भाग्य नै कस्तो हो ।

सगरमाथा काखमा मेरो जन्मेको माटो छ ।
म फर्की जान्छु हुरीले लैजा यै मात्र बाटो छ ।

नौं डाँडा पारी हिमालीकाख प्रीतिको देश छ
फर्कुंला कैले यो खाडीभन्दा नेपालै बेस छ ।

दुःखका सेतु तरिन यति सङ्घर्ष गरेर
उतार्न मैले बाँकी छ अझै जीवन खारेर ।

आएर एकै पटक फोन गरेको थिएँ म
बिखर्ची भई भौतारिरहे सकिन जान म ।

टिकट किन्न फोनको पैसा भएन मसित
फर्किन घर विमान भाडा मागूँ म कोसित ।

घरमा भयो उपाय नास्ति पराइ दाब्नमा
लागेकै हुँदा विवश भएँ विदेश लाग्नमा ।

बाबाको ज्यान भएको भए घरको भारले
अरब ल्याई रेटेर छाड्ने थिएन धारले ।

दुस्मनी गर्छ लोकमा मान्छे अज्ञानी भएर
प्रकृति तैँले घायलै पारिस् दुस्मनै भएर ।

जन्मेको काख छोडेर आएँ ती बुढी आमाको
विदेशी गल्ली भयो बिचल्ली कहिल्यै न भा' को ।

टिपेर खान्छु फालेको रोटी चपाई निल्दा त
बिलाई दिन्छ थुकमा पेट पुग्दैन निल्दा त ।

सतीको छोरो जीवन मेरो सप्रन्छ भन्दथें
असायमाथि सत्यको जित अवश्य ठान्दथें ।

ससुरा बाको सहाराभन्दा वचन वाण छ
बिझेको बिझ्यै भएर गड्या वचन काँण छ ।

म पशु थिएँ उहाँका लागि छोरी त रगत
हो भनी मायाँ दिएनन् बरु रिसाए फगत ।

जे भा' को थियो उषामा प्रेम बसेर बिग्रेन
बाबुको मन उषाका प्रति थिग्रिँदै थिग्रेन ।

छोरीले रोज्या वरको घर छोरीकै हो भनी
मानवी नेत्र पवित्र पारी हेरेनन् निष्ठुरी ।

साहुले छाना पिट्दा हुन् आई आमा र उषाको
के हाल होला रुँदो हो भाइ कलिलो टुसाको ।

बन्धकी खेत निखनी हाते साहु त तिरेर ।
सक्ने भै मेरै हिमाली देश जाउँला फिरेर ।

आसाको त्यान्द्रो समाई त्यही अडेको छ सास
सासका साथ मरेको छैन अझै नि त्यो आस ।

धिप र धिप बलेको दियो सरिकी ती आमा
के गर्दै होलिन् बचाइँ देऊ मलाई हे राम !

तामाको मुना बढेझैँ बढ्ने वयकी ती उषा
सम्झिदा मन चर्केर फाट्छ पिउँ कि झैँ विष ।

जिउँदी आमा मिल्लिन् कि भाइ के गर्छ होला खै ?
पुकार गर्छु हे दैव लैजा उषाका पास है ।

हे मेरी प्यारी ! मायाकी डोरी झझल्को तिम्रै छ
यो छातीभित्र तस्वीर तिम्रो ताजा र सिङ्गै छ ।

ए काग ! सारा यो मेरो हाल बोकेर तँ लैजा
उडाई लाने विमान बन्न जटायु आइजा ।

पस्न त पसिन् लच्छिनी उषा आर्थिक निशा छ
झुप्रोमा उषाकिरण छर्ने मलाई नशा छ ।

नेपाली बोल्ने भेटाए कोही ईश्वरै लाग्दछ
आधा त त्यसै मनको बह उडेर भाग्दछ ।

बारीकै सुर्का जोतूँला बरु छाउँला म छानो
उबाजी आफै साग र सिस्नु खाउँला त्यै मानो ।

छैन नि छैन देशको माया मुटुले मारेको
साहारा शून्य भएर मात्र स्वदेश छाडेको ।

** ** **

# भाग एघार
# रोशन सहिद बन्दछ

देशमा चल्या आन्दोलनमा रोशन होमिन्छ
झुप्राको छोरो दरबारको विरुद्ध उर्लिन्छ ।

जपेर लडे योद्धाले युद्ध विजय मन्त्रको
बहाली भयो त्रिसठ्ठी साल त्यो लोकतन्त्रको ।

रविका रश्मि तापेर आमा बस्दछिन् आँगन
कोखको फुल नफुटोस् भनी आशिष मागन ।

न नाप्या हुने नदेख्या हुने विधिको विधान
मुक्तिको युद्ध चर्काई मऱ्यो सपूत रोशन ।

रोशनजस्ता वीरले खुन मुटुमा जमाए
सपूतहरू सहिद भए बाँचेका रमाए ।

रक्तले सिक्त यो माटोमाथि विजय उत्सव
हेरेर बाँच्ने अपेक्षा थियो रोशनको खुब ।

सहिद भा' को खबर पुग्यो आमाको कानमा
पीडा र गर्व मिश्रित गाँठो पर्न गो मनमा ।

++ ++ ++

राष्ट्रिय झन्डा ओढाई आर्यघाटमा अन्त्येष्टि
गरेर योद्धाहरूले लिए घाटमै सन्तुष्टि ।

घोषणा भयो रोशन पैलो सहिद भएको
रगत बाँकी पोख्नुथ्यो अरू वीरले रहेको ।

++ ++ ++

डाँडाकी जून भएकी बुढी डुब्ने हुँ कहिले
कसको मुख हेरेर बाँचूँ मर्नुथ्यो पहिले ।

कोख त रित्तो भै हाल्यो अब गर्वले म मरूँ
काखको छोरो भएको लास कसरी बेहोरूँ ।

यो काख रित्तो पारेर तैँले म बुढी आमाको
तिर्न ता तिरिस् दूधको भारा नेपाली आमाको ।

सतीको कोख सफल ठानिन् भएर जोंसिली
झुप्राको फूल राष्ट्रका लागि चढाएँ कोसेली ।

धिपधिप टुकी बलेकी जस्ती ती बढी अकेली
कालको डोरी पछि लाग्या छ लैजान उखेली ।

सेताम्य भई पाकेको केश अनाथ जीवन
पर्खेर बस्या घिट्किसो न हो प्राणको पवन ।

++ ++ ++

थुनेर नदी बाँधेर र बाँध पानीले गुजरा
गर्ने हो फाटे बीचैमा कुलो जमिनै उजाड ।

अरब गई खरब जोर्ने धुन छ जनको
उजाडिदिन्छ फुटेर धुन पुग्दैन मनको ।

जो गर्छ धर्म फुट्दछ कर्म उखान बनेको
जाकिनु पऱ्यो खाडीमा बुढी दैवले खनेको ।

बलेको आगो ताप्दछ सबै भत्किन्छ किरण
भत्केको बाटो ठान्दछन् हिँडे त्यहीँ छ मरण ।

उठाए गारो भत्केको ठाउँ त बाटो बन्दछ
घुमेर हिँड्छ, कोदाली लिई त्यो बाटो को खन्छ ?

धर्तीले माग्यो रोशनलाई गोलीले चुँडिगो
माटाका लागि मर्नेको घर दर्दमा झुँडियो ।

मर्नेले मर्ने हेर्नेले हेर्ने बिलोमा भो ध्यान
मरेर जाने बिलायो त्यसै बाँच्नेको छ मान ।

ए मान्छे ! आज मिलेर बाँचौं सिर्जना गाडेर
माटामा मिली शून्यमा बिली जानु छ छाडेर ।

पवित्र मन अन्तिम धन यही नै तथ्य हो
प्रेमले प्रेम रिसले रिस जोर्दछ सत्य हो ।

बाघको छालामा स्यालको राज भएको क्रान्ति
सहिदकी आमा रित्तियो काख भोगेर भ्रान्ति ।

विपत तारी जीवन दिने गुणीको कर्म हो
मान्छेको घाउ मान्छेले धुनु मान्छेको धर्म हो ।

++ ++ ++

रोशन सरी त्यागिलो भई हे युवा ! लाग हे
अन्याय तोडी न्यायको राज ल्याउन जाग हे ।

कायरहरू मोजमा डुबी गुजार्छन् जीवन
वीरले मात्र उत्सर्ग गर्न सक्दछ जीवन ।

धनीमा कमी पाइने गऱ्यो राष्ट्रिय भावना
निर्धनी यौटा रोशन गऱ्यो युद्धको सामना

उषाकिरण नभएसम्म रात्रिको राज हो
हिमाल सबै नेपाली साथीभाइको ताज हो ।

रोशन मऱ्या त्यत्तिकै हैन उषाका लागि हो
नेपाल भरी छरेर जान किरण बाँकी भो ।

नहुनु थियो आमाका लागि रोशन बिलायो
बुढेसकाल चर्केका बेला जहर पिलायो ।

** ** **

## भाग बार
## छोराको चिन्ताले आमाको मृत्यु हुन्छ

चाँडै नै खोस्यो ऐभाँती पनि दैवले मिचेर
टुहुरा छोरा बनाई साथी बाँचें म हाँसेर ।

पूर्णिमा पक्ष चन्द्रमा सरी हुर्किए बालक
बिस्तारै सुख सम्झिँदै गएँ म बुढी पालक ।

ललाटभित्र भावीले लेख्छ भन्दछ जनले
एउटा पछि झन् ठूलो पीडा खप्यो यो मनले ।

जानु म थियो कालले पनि लानुथ्यो मलाई
पतिको झल्को भुलेको मुनो लै दियो जलाई ।

देशको माटो ओढेर मरिस् रोशन तैंले त
पीडाको घुम्टो आँसुको घुट्को खाँदैछु मैले त ।

शिरको स्वामी गुमाए पनि स्वामीका नासा हुन्
नासाले खासा संसार देलान् भन्दा त चोट झन् ।

किरण पस्ला उषाका लाली हेरूँला भन्दथें
देशमै छर्ला रोशन यश कल्पना गर्दथें ।

महल ठूलो बास हो भन्ने सोचिनँ कहिल्यै
झुपडीभित्र सुखको सास फेर्दथे जहिल्यै ।

मनको धोको मनमै रह्यो पुगेन एषणा
चिन्तामा भन्दा चितामा पुगूँ यै गर्छु घोषणा ।

धेरै नै भयो सपना मेरा बिग्रँदै गएका
क्रमिकसित विपत्तिहरू अगाडि आएका ।

अस्तिको राति बङ्गारा तल्ला झरेको सपना
देखेर ब्यूँझी कपाल छोएँ नबिग्रोस् विपना ।

छौ छोरी तिमी दोजिया ऐले के कसो हुने हो
तल्लो नातामा सपना लाग्छ के कसो हुने हो ।

बचपनमै बाबु गुमाई दुःख पाएको किरण
यै झुप्रो सम्झी फर्केर आओस् नहोस् है मरण ।

गएको धेरै हुँदामा एक पटक फोन भो
सक्दैन्थ्यो भुल्न किरण चिठी लेखेन किन हो ?

ठूलाकी छोरी बाबाको घर छाड्यो नि बुहारी
अहिले बस्नु पऱ्याछ झुप्रो र बुढी सिहारी ।

छातीमा आगो दन्किदै गा' छ पानीले निभ्दैन
किरण पर्खे नजला भन्छु पोल्न झन् छाड्दैन ।

दैवले पर्खे हेरूँला मुख नाति वा नातिनी
राखेर काख पाएमा मर्न जाने थें माथि नि ।

मुटुको चाल बढेर आयो बाँच्दिनँ अब म
अनाथ बन्दा रोएर दिन नकाट्नू नानी तँ ।

किरण छैन घरमा हाम्रो छौं सासूबुहारी
म मरेँ भने बसौली तिमी कस्लाई गुहारी ।

छोरीले भन्दा स्याहार बढी गरेकी छौ तिमी
मेरा लागि त साक्षात लक्ष्मी सरिकै हौ तिमी ।

दुईटा छोरा जन्मायो कोख छोरी हौ धर्मकी
संसारभरि तिमीभैँ महान् क्वै छैन कर्मकी

धनले लक्ष्मी हुँदैन कोही दया र करुणा
भएकी तिमी जस्तीका दिन भएनन् अरूण ।

पहेँलो पात झरे नि अरू पल्लवी पलाए
झरे यो पात जतन साथ तिमीले जलाए ।

कसेर छाड्यो कालले डोरी छोरीका साथमा
ढल्किँदा गयो आमाको प्राण उषाका काखमा ।

उषाका साथ किरणबिना मरण हुँदा त
आकुल भइन् उषाले साथ पाइनन् रुँदा त ।

माइतबाट ती परित्यक्ता साहुको झटारो
सहेर बस्दा संसार रित्तो अप्ठ्यारैअप्ठ्यारो ।

डाँडामा पुग्या ती जूनजस्ती आमाले गुहारिन्
निस्कने बेला प्राणपखेरु किरणै पुकारिन् ।

नाताले आफ्ना भएकाहरू बिस्तारै बिलाए
मनका धनी भेटिए केही त्यो लास जलाए ।

मान्छेले सेवा जे गर्न सक्छ त्यही नै कर्म हो
पवित्र मन राखेर गरे त्यही नै धर्म हो ।

दम्भले होला बम्किन्छ मान्छे धनका आडमा
धनले गर्दा हिँड्नु छ आज छुराका धारमा ।

सुखिलो जीवन अवश्य हुन्छ मान्दछु धनले
संसार बाँध्न सफल हुन्छ केवल मनले ।

अन्तिम दाह संस्कार हुन्छ आमाका लासमा
उषाले दिन्छिन् दाग र बत्ती रोदन सासमा ।

कर्म र काण्ड विधिले गर्दा चाहिने छोरा हो
छोराको खाँचो उषाले गरिन् त्यसरी पूरा भो ।

** ** **

# भाग तेर
## साहु ऋण असुल्न आउँछ

**साहु–** पैसाको खानी खोदल्न गा' को पोइ त आएन
न मेरो साँवा न मेरो व्याज यसरी भएन ।

अहिलेसम्म बुढीको सास थियो र बसियो
जोरेर तिर्ने भएन ढाँचा त्यसैले फसियो ।

कि छोड्दे बास, कि त बन् दास अब के गरुँ म
लिएर खा' को नसक्ने तिर्न दातव्य छोडुँ म ?

के हो त उषा? यही हो कुरा अब दे जवाफ
पिँढीमा बसी दोचार्छ कुरा देखाई रवाफ ।

**उषा–** गुमाएँ सासूदेवर पनि छुँ पति पीडामा
न घोच्नुस् अझै ऋणको तीर छुँ म त क्रियामा ।

बिहाको ऋण बन्धकी खेत दिनु भो उहीँले[१७]
जति छ अरू वण्डासी गर है दामासाहीले ।

घाम र पानी ओतेको झुप्रो सम्पत्ति मसित
गुमाएँ सबै शरीर मात्र छ अब मसित ।

दातव्य खान नपरोस् भनी अरब जानु भो
देश उतार्न देवर गोली खाएर जानु भो ।

---

१७ किरण ।

सतीत्त्वभित्र अडेर झुप्रो उज्यालो पार्नु भो
कर्तव्य मेरो सासूको क्रिया राम्ररी टार्नु हो ।

धनीले हार्छ धर्ममा यहाँ फैलाई वितण्डा
अँगाली हुन्न दिमाग लाऊ बनाएर ठन्डा ।

काम र क्रोध लोभ र मोह ईर्ष्या र घमण्ड
सकिन्छ त्याग्न हटाई गए भइन्न उदण्ड ।

हेप्न त हेप्छ समाज नारी, धैर्य र साहस
नारीमा जति सिर्जना शक्ति अरूमा कहाँ छ ।

सतीमा सती रहेछु भने फर्किन्छन् है पति
आएछन् भने जसरी हुन्छ तिरौला छ जति ।

चरन गा' को फर्किन्छ भाले पोथीका गुँडमा
आएन्छ भने कमाई तिर्ला शिशु छ भ्रूणमा

पीडाले मुटु छ चिराचिरा झन् आगो नलाऊ
आँसुको भल बगाकीलाई साहस दिलाऊ ।

नतिर्नु ठग्नु सत्कर्म भन्न खोजेकी हैन म
नतिरी ऋण उम्कने चेष्टा गरेकी छैन म ।

काढेर ऋण जाँडमा रम्ने होलान् म गन्दिनँ
सबैले छुट पाउनुपर्छ दलिल भन्दिनँ ।

धनले माप्ने आर्थिक सोंच गरेर वरण
बाँचेको मान्छे सुधार्नु पर्छ चरणचरण ।

जोडाको पिरपिरै छ पिर यो पिर कुण्डमा
यति छ बही भनेर साहु आउँछन् झुण्डमा ।

प्रयत्न हाम्रा नभा'का हैनन् समाज उचाल्ने
समाज उल्टै चाल्दछ चाल सिन्धुमा खसाल्ने ।

पापीको मति फटाल्ने हुन्छ कानुनी आडमा
मुटुको कुना दिए नि हान्छ टेकेर ढाडमा ।

मान्छेको आत्मा नबुझ्नेसँग म दिल खोल्दिनँ
संसार बुझेँ छर्लङ्गसँग म धेरै बोल्दिनँ ।

** ** **

# भाग चौध
# उषालाई प्रसव पीडाले डस्दछ

हे ब्रह्मा, विष्णु जीवन मेरो वैलाई झर्ने भो
रामले त्याग्या सीताकै जस्तो आपतै पर्ने भो ।

हे मेरा किरण ! प्रसवपीडा अति भो मलाई
लग्छ कि काल यो तिम्रो नासो नदिँदै मलाई ।

कुटु र कुटु यो पेट कति दुःख्यो नि अहिले
हे मेरा प्राण ! म तिम्रो साथ पाउँला कहिले ।

अन्तिम घडी बज्दैछ मेरो छु मृत्युशय्यामा
नपाएँ पानी नपाएँ साथ ऐया र ऐयामा ।

कालको पासो ओकल्छ विष अमृत फल्दैन
वियोगपीडा, प्रसवपीडा देखे नि भुल्दैन ।

मर्ने त मर्ने अवश्य भएँ किरण कहाँ छौ
जानेछु स्वर्ग नजाँदै सास हे नाथ ! आइद्यौ ।

चरीको पनि भाले र पोथी गुँडमा बस्दछन्
कोरल्न डिम्बा मिलेर दुबै प्वाँखले छोप्दछन् ।

आँधी र हुरी असिनापानी झटार्छ झरीले
गुँडमा फुल ओतेरै बस्नु पर्ने रे चरीले ।

के कर्म हारा रै छु नि दिन रोएर बिताएँ
अबको स्वर्ग पतिको काख होस् भन्ने चिताएँ ।

प्रेम हो यौटा जीवन पाटो पवित्र भएमा
हुने भो हाम्रो मिलन अब वैकुण्ठ गएमा ।

कर्मका रेखा कोरेकै हुँदो रहेछ ईश्वर
नभोगी सुख नहुने रै छ विधि नै कठोर ।

++ ++ ++

धनी त वीर निर्धनी वीरे यस्तो छ मान्यता
फेरेर लान नसके होला समाज अन्यथा ।

संसार जित्छ मदले सिक्त आजको मान्यता
ओरालो लाग्या मृगको हत्या गर्नेको धन्य छ ! ।

आजको मान्छे पाषाण कालतिरकै सरी छ
भए नि सभ्य कपि मनुष्य भित्रकै सरी छ ।

दिगन्तसम्म रहने कुरा मेल र माया हो
यी दुबै तत्त्व भएरै मान्छे मानव भया हो ।

दानव ईश एउटै मूर्ति कर्ममा भिन्न हो
रावण, राम दृष्टान्त यही प्रमुख चिन्ह हो ।

पवित्र मन हुनेको कित्ता कहिन्छ मानव
पीडक कर्म गरेर चल्ने कहिन्छ दानव ।

विश्व नै सारा पाउँछु भन्थें मानव जातिमा
धारिला वाण त्यै मान्छे हान्दो रहेछ छातीमा ।

नियत यही बोकेको मान्छे अहिले हाबी छ
भोगेकै कुरा ओकलें मैले यै मेरो दाबी छ ।

++ ++ ++

संसारभरि रहेन्छ अरू तिमी नै आफन्त
यै आफ्नो जीउ सर्वस्व भयो काँ जाउँ म अन्त ।

एकान्तभित्र शान्त नै थियो पहिलो संसार
आफैमा थिएँ अमरापुरी महान दर्बार ।

यो ज्यान मैले तिमीमा सुम्पेँ भएनौ साथमा
झस्किन्छु प्यारा ! झसङ्ग भई अचेल रातमा ।

नारीको निम्ति पतिको प्रेम अमृत सरी हो
वियोगभित्र संयोग कुर्दा गर्तमै परियो ।

सक्दछे त्याग्न एउटी नारी बाबुको सम्पत्ति
चैनमा रम्छे दाम्पत्यभित्र भए नि विपत्ति ।

जिउँदो द्यौता पति नै हुन्छ गोडाको जलले
बलियो बन्छे बलियै पार्छे सतित्व बलले ।

प्रेममा हुन्न चाकरी कहीँ शोषण दमन
एकापसको विश्वासभित्र सकिन्छ रमन ।

हे मेरा जून ! हे मेरा तारा ! कहाँ छौ आइद्यौ
दुःखको सिन्धुभित्र छु म त आएर तारिद्यौ ।

कहाँ छौ तिमी सिन्दूरका धनी हे मेरा देवता !
पापीको जालो चिरेर बस्न सक्दिनँ अबता ! ।

++ ++ ++

गरिब हुनु थिएन दोष किरण तिम्रो त
सत्यको बाटो अँगाल्ने लाई जिन्दगी चाम्रो छ ।

वंश त रै छ वैरीको पोथ्रा खाडल खन्नमा
उद्यत हुँदो रहेछ जाकी वरिष्ठ बन्नमा ।

अरू त आफ्नो रहेछ बन्दो शत्रु त गोत्र नै
बुझेर बसेँ अकेली चरी पिँजडा भित्रझैँ ।

टेक्ने त्यो डाली समात्ने हाँगो छोडायो ईशले
जे गर्नु थियो गरेरै छाडिस् अब त विषले ! ।

विवाह ताका नजिक भा' का पर्दामा लुकेर
चक्रब्यूहमा फसाइदिए अवस्था ढुकेर ।

तिम्रो र मेरो जीवन तोड्न कम्मरै कस्याथे
बनेर साख मद्दत गर्ने भएर बस्या थे ।

रूपको मेरो बयान गर्थे खान्दान जोडेर
तिमीमा दृढ म भएपछि टाढिए छोडेर ।

चर्कियो अति प्रसवपीडा नखानु पिउनु
लगभग यत्ति छ जस्तो लाग्यो धर्तीमा जिउनु ।

फर्कन मेरा किरण छिटै दिलका जुहार
आखिरी सास भएर मैले मागेकी गुहार ।

**उषाः** छिमेकी यौटी बहिनी माया तिमीले हेर्दथ्यौ
जहान छली लिएर पानी दिएर फिर्दछ्यौ ।

नारीको साथ नारीले आज नदिँदा मलाई
जिउँदै चिता चढायो माया कालले मलाई ।

म निभी जाने भएँ नि बैनी आँसु न चुहाए
किरण आए यो वियोगान्त कहानी सुनाए ।

++ ++ ++

**माया–** अरू सप्रेको न सक्ने खप्न मान्छेको प्रवृत्ति
दानवी जुनी केवल त्यो हो मान्छेको आकृति ।

सम्पत्ति मात्र चिनारी हैन सामन्त वर्गको
विचार रुखो भएको पनि सामन्त वर्ग हो ।

आँसुको मोल बुझ्नेले मात्र हृदय बुझ्दछ
भिज्दैन ढुङ्गा परेर पानी केवल रुझ्दछ ।

विचार, भाव, कल्पना शक्ति मान्छेको धन हो
मान्छेले मान्छे हुँ भन्ने तत्त्व पवित्र मन हो ।

शून्यताभित्र अडेको जुनी निस्सार जस्तो छ
गरिबलाई कठिन चोला अस्तित्त्व सस्तो छ ।

++ ++ ++

व्यथाले च्याँप्यो यो तेस्रो दिन किरण अत्यन्तै
यो नासो तिमी भेटाए ज्यूँदै रहनू है सन्चै ।

आऊ न आऊ सहारा होऊ यो नासो सिहार
यत्तिमै लीला सकिने भयो जीवन पियार ।

बाँच्थे कि कुन्नी लगेत स्वास्थ्य संस्थामा सास छ
बाँचेर छोरो हाल्छु कि काखा अझै यो आस छ ।

जन्मिन पनि छोरा नै जन्म्यो सृष्टिको उझिन्डो
स्याहार्ने छैन भैदियो शिशु बारीको कुभिन्डो ।

भएन कोही स्याहार्ने बच्चा नाल नै काढेर
सूतिका उषा प्राण त्यागिन् त्यै शिशु छाडेर ।
++ ++ ++
राष्ट्रका लागि लडेको घर भताभुङ्ग नै भो
स्वाधीन खाले चरित्र हुनु कारक तत्त्व हो ।

संसारभित्र के हुन्छ ठूलो ? स्पष्ट भन लौ
छातीमा हात राखेर भन विद्वान् जन छौ ।

करुण पीडा उषाको यहाँ झल्कायो लेखक
छोला न छोला सबैको मन भने है पाठक ।
** ** **

## भाग पन्ध्र
## किरण रित्तो हात घर आइपुग्छ

आफैले आफ्नो रहेछ बोक्नु मान्छेले जिन्दगी
बोकेर हिँड्दा डरले डस्ने रहेछ छिन्छ कि ।

भीरको बाटो छिने त छिन्यो हिँडेको बेलामा
अल्झाई झार्छ पछार्दै तल बगेको खोलामा ।

न रै छ जीवन राखेर हुने थुनेर झोलामा
यात्रामा हिँड्दा जे पनि पर्छ नसोंच्या बेलामा ।

गाउँले युवा शिक्षित भई गाउँको विकास
गरेर आफ्नो समाज हाँक्ने देखेन निकास ।

चेतनाभन्दा वेदनाभित्र बाँचेको समाज
चिरेर लाने चाहना राख्नु परेको छ आज ।

विशाल यस्ता भावना राख्ने किरण विदेश
गल्लीको बास बिताई बाँच्यो छाडेर स्वदेश ।

कसैका लागि जिन्दगी कति सजिलो सस्तो छ
किरणलाई फलामी च्युरा चपाए जस्तो छ ।

अलिकति त सम्पत्ति पनि न भा' को होइन
दिनले साथ नदिँदा खेरि उच्छार भएन ।

शिक्षित भई चाहान्थ्यो पार्न समाज गतिलो
पार्नका लागि सुधार्न खोज्दा भत्कियो जति हो ।

भावमा आफ्ना पाएन बाँच्न किरण विचरा
भाग्यले पासो थापेर छाड्यो असाध्यै खतरा ।

साहुले लगे सम्पत्ति सबै हडपी ऋणले
खाडल कस्तो रहेछ खन्दो कसैका दिनले ।

उषाको बिहे उतार्न लियो बाबुको क्रियामा
लागेकै खर्च ठेलेर लग्यो खाडीको चिरामा ।

++ ++ ++

हुर्किन्छ कहीं त्यहींको आफ्नै एउटा मान्यता
वहन आफू नसकेपछि भइन्छ अन्यथा ।

सम्पत्ति जोडी बसेर खाने सुखैमा अडिए
राष्ट्रका लागि लडेका योद्धा माटोमा पुरिए ।

किरण जन्म्या समाजभित्र रूढिको विजय
चलेको थियो नूतन सोंच भएन उदय ।

खान्दान खोज्ने चलन थोत्रा जीवन्त भएर
फेरिन्न बस्ती यथास्थितिभित्र मै रहेर ।

चिन्तन यिनै उषाकिरण बोकेर चल्दछन्
आखिर यिनै दुःखका ज्वालाभित्र पो जल्दछन् ।

क्रान्तिभित्र त सत्यता कति छ भन्ने खोज्नु छ
व्यक्तिमा पुग्न सक्ने खालको व्यवस्था रोज्नु छ ।

अपाङ्ग बन्यो किरण आफै सहिद रोशन
सकेन देश सम्मान गर्न देनको शोषण ।

++ ++ ++

भेटिए केही दयाका खानी नेपाली मिलेर
उठाई भाडा पठाए देश आयो नि उडेर ।

जन्मेको घर फर्किन पायो हर्ष र उमङ्ग
स्वदेशी हावा हिमाली काख पाएर छ दङ्ग ।

एकाध वर्ष अरब बस्दा पाएको सास्तीले
टी.वी.ले बास गरेको हुन्छ रमाई मस्तीले ।

दैलामा पुगी हे मेरी आमा भनेर पुकार्छ
कताछिन् उषा भनेर छिटै खोजनी ऊ गर्छ ।

काखमा छोरो च्याँपेर उषा सुतेको देख्दछ
उचाल्न भनी काखमा छोरो नजिकै टेक्दछ ।

आमा र छोरा रहेछन् चिर निद्रामा परेका
भाइ र आमा रहेछन् बुझ्यो पहिल्यै मरेका ।

जहानभरि लासको खात भोकको मरण
भएको माली भयो नि साथी बबुरो किरण ।

अलाप गऱ्यो विलाप गऱ्यो बिचरा किरण
यै मेरा घर कालले किन बाँधेछ तोरण ।

म पनि उतै मरेको भए सुबिस्ता हुने हो
गुमाएँ सारा क्यै छैन मेरो जोगी नै हुने हो ।

हाल्दछ काख छोरो र उषा लासको चुम्बन
गरेर रुन्छ पिटेर छाती कसैले सुन्दैन ।

के कर्महारा चण्डाल रै छु जिलो र खालो भो
यी लालाबाला खाडलभित्र हाल्ने पो पालो भो ।

++ ++ ++

ए दाजुभाइ दिदी र बैनी यो कथा पढें है
कथाको भाव काव्यमा कस्तो छ भनी गढे है ।

जेजस्तो भयो हे प्यारा जन भाव र बुनोट
अवश्य दिए लुकाई राख्ने मुटुको कुनो त ।

उषाकिरण वेदना काव्य यो कालजयी होस्
उषाकिरण हुन् प्रतिनिधि यो कथा पढ्नुहोस् ।

जागेर आयो आत्मधारणा यो लेख्न मलाई
चढाएँ मैले लेखेर प्यारा म वी.पी. सेढाई ।

** ** **

# भाग सोर
## उपसंहार

मान्छेले मान्छे पछार्न हैन सपार्न खोज हे !
बाहिरभन्दा संसारभित्र ठूलो छ खोज ए ! ।

शिशिरपछि वसन्तभित्र कोपिला फुलाऊ
मानवरूपी जीवनभित्र बुद्धत्व खुलाऊ ।

पर्ने हो हुन मानवमूल्य समान रूपको
सभ्यता बल्ल हुर्किन्छ त्यहाँ ज्ञान र सीपको ।

धन र मन तुलना गर्ने औजार पाइन्न
सेवाको दैलो उघार्नलाई रुपैयाँ चाइन्न ।

रूपमा मान्छे चिल्लो र सफा मृदुल वाणीको
हृदयभित्र खातका खात धैँसो छ हाँडीको ।

साग र सिस्नु खाँदैन आज हे लक्ष्मीप्रसाद
ह्वीस्कीको चुस्की न भै नहुने भैदियो संसार ।

जन्मियौं भने यो मान्छेसित मीत त न लाए
हृदय खोली मुटुको गीत क्वैसित न गाए ।

भावना बाँड्दा पहिल्यै पायौ उपमा पागल
गर्दैछौ भने पुनर्जन्म त छिटै नै भाग ल ।

दिलमा हुन्छ भावना मिठो विकास गर हे !
मानवी चोला सिर्जना रोपी संसार भर हे !

उषाको पाटो सृष्टिभित्र त अस्तित्ववादी छ
किरण पनि अस्तित्वभित्र सङ्घर्षशाली छ ।

उषाको बेला ब्युँझेर सबै जीवले खोज्दछ
गन्तव्यमुखी असल बाटो सबैले रोज्दछ ।

रोशनबिना कालिमा यहाँ हटेर जान्छ र !
सूर्यले आफ्नो किरणलाई खेर काँ फाल्छ र ! ।

आमाको छाती लातले हान्ने सपूत हुन्न नि
मानवी भावबिनाको मान्छे मानव हुन्न नि ।

मान्छेको मान मान्छेले गरे त्यही हो सभ्यता
अजर हुन अमीर लाई पुग्दैन योग्यता ।

के पायो बाबु त्यागेर छोरी मरेर बिलायो
कलिली छोरी त्यो फूललाई जहर पिलायो ।

जहर पनि प्रकार धेरै रूपको हुन्छ नि
वचनवाण रूपको विष हृदय छुन्छ नि ।

पोलेको पनि काटेको पनि खत त पुरिन्छ
कोतरिहाल्यो छेस्कोले भने चाँडै नै चिरिन्छ ।

न्यायको दियो हुङ्कारभित्र खोजेर मिल्दैन
सत्यको आड लिनेको मान ढालेर ढल्दैन ।

उषाको अर्थ बिहानी पख अँध्यारो चिरेर
लालिमा झिकी ब्रह्मण्डभरि जानु हो छरेर ।

किरण भन्नु सूर्यको ज्योति चन्द्रको प्रकाश
छरेर धर्ती उज्यालो पार्ने उज्यालो आकाश ।

समाजभित्र बिजुली बत्ती बलेको हुनाले
उज्यालो पार्न नसक्ने भयो रात्रिमा जूनले ।

कमलभित्र विष्णुको बास छ भन्ने सोचिन्न
हिलोमा फुले पनि त त्यस्को महत्त्व होचिन्न ।

उषाको बाबु छोरी नै त्याग्यो हिलोमा फुलेको
किरणसँग गएको हुँदा नाता नै भुलिगो ।

दिएन साथ धनले कहिल्यै किरण पिरियो
खेत र बारी बन्धकी राखी ऋण पो तिरियो ।

मान्छेले भन्छ समाजवाद मान्छेले बासको
उधार्छ छानो हडप्छ बारी उबाज्ने गाँसको ।

युद्धमा लाल चढाकी आमा पिण्ड बिना कि छिन्
आदर्श भाव बोकेकी ऊनी साहारा बिना छिन् ।

उषाले खुन पाएको भए वियोग हुन्नथ्यो
किरण पस्थ्यो एक दिन त अँध्यारो हुन्नथ्यो ।

खै मूल्य? यहाँ रोशन मऱ्यो मर्नुको अर्थ के ?
अरूले हैन अब त माटो जवाफ तैंले दे ।

चढेर आयो आत्मधारणा लेख्न यो मलाई
चढाइदिएँ लेखेर मैले म वी.पी. सेढाई ।

'उषाकिरण' यो खण्डकाव्य नभ्कुक्ने कथा हो
सपूत स्वाभिमानीको यौटा जीवन कथा हो ।

*** इति उषाकिरण खण्डकाव्य ***

# चौथो परिच्छेद

## उषाकिरण खण्डकाव्यको विश्लेषण

कविता विश्लेषणको प्रारूपअनुसार कविता विश्लेषणका लागि तयार पारिएको संरचनावादी प्रारूप तल प्रस्तुत गरिन्छ । [१८]

१. परिचय

२. विभाजन

३. सङ्गठन

४. वस्तु

५. सहभागी

६. परिवेश

७. उद्देश्य

८. दृष्टिबिन्दु

९. भाषाशैलीय विन्यास

१०. उपसंहार

### ४.१ 'उषाकिरण' खण्डकाव्यको विश्लेषण

### ४.१.१ परिचय

**उषाकिरण** खण्डकाव्य त्रि. वि. नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका लागि कृतिकार बेगमप्रसाद सेडाईद्वारा लेखिएको हो ।

---

[१८] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२) पृ ३०१ ।

### ४.१.२ **विभाजन**

**उषाकिरण** खण्डकाव्यलाई निम्नानुसार भाग र दृश्यहरूमा विभाजन गरिएको छ ।

| **भाग** | **दृश्य** |
|---|---|
| १. प्रवेश | समाख्याता रहेको ठाउँ |
| २. उषाकिरणमा अमर प्रेम बस्दछ | कलेज |
| ३. उषाकिरण विवाहको सामाजिक टिप्पणी | सिङ्गो समाज |
| ४. उषाको बाबुले उषालाई त्यागदछ | आफ्नै घर |
| ५. किरण अरब जान लाग्दा उषाको संलाप | उषाको घर |
| ६. किरणले उषालाई सम्झाउँछ | किरणको घर |
| ७. रोशन जनआन्दोलनमा मोर्चाबन्द हुन्छ | नेपाल |
| ८. बुढी आमाले नजाने आग्रह गर्दछिन् | घर |
| ९. रोशनले आमालाई सम्झाउँछ | आफ्नै घर |
| १०. किरण अरबमा बिचल्ली पर्छ | अरबको रियाद |
| ११. रोशन सहिद बन्छ | युद्धभूमि |
| १२. छोराको चिन्ताले आमाको मृत्यु हुन्छ | घर |
| १३. साहु ऋृण असुल्न आउँछ | उषाकै घर |
| १४. उषालाई प्रसवपीडाले डस्दछ | घरमै |
| १५. किरण रित्तो हात घर आइपुग्दछ | अरबदेखि घर |
| १६. उपसंहार | समाख्याता रहेको ठाउँ |

### ४.१.३ **सङ्गठन**

माथि विभाजन गरिएका भागलाई साङ्गठनिक रूपमा निम्नानुसारले देखाउन सकिन्छ ।

**४.१.३.१ आदि भाग**

१ अभिमुखीकरण : भाग १ प्रवेश

समाख्याताबाट **उषाकिरण**ले बिहानी लाली भएर समाजमा शासन र सुधार ल्याउने प्रण गरेको कुरालाई वर्णन गर्दै पाठक/भावकलाई काव्यतर्फ अभिमुखीकृत गरिएको छ ।

२. प्रस्तावना : भाग २

उषा र किरणको बीचमा प्रेम बस्छ र भ्याँगिन्छ अनि दाम्पत्य जीवन सुरु गरी परिवर्तन गर्ने भित्री चाहना हुनु **उषाकिरण**को प्रस्तावित भाग हो ।

**४.१.३.२ मध्य : प्रतिपादन र विस्तार**

भाग ४ देखि किरणले स्वदेशमा रोजगारी नपाएपछि ऋण तिर्न र जीवन चलाउने आवश्यक धनआर्जन गर्न बिदेसिएपछि मध्यभागको विस्तार हुन्छ । रोशन जनआन्दोलनमा मर्नु, किरणसँग नै जीवन बिताउने दृढता पाएपछि छिमेकीहरूले उषालाई असहयोग गर्नु, किरण अरबमा बिचल्लीमा पर्नु, चिठी पनि आदानप्रदान नहुनु, साहुहरू ऋणमाग्न आउनु, उषाले दुःख पाउनु, उषाले प्रसवपीडा हुँदा पानी पनि खान नपाउनु, मायाले लुकाएर पानी ल्याइदिनु, उषाले छोरो जन्माउनु, बढी रक्तस्रावभई मर्नु र बच्चा पनि मर्नुले मध्यभागलाई प्रतिपादन तथा विस्तार गराएको छ ।

**४.१.३.३ अन्त्य : भाग १४**

**१. <u>पुष्टीकरण</u>**

किरण प्रवासी नेपालीहरूको सहयोगबाट घर आइपुग्दा स्वास्नी र छोरालाई मृत रूपमा फेला पार्नुले अन्त्यभागलाई प्रतिनिधित्व गर्दछ । मानिसलाई आर्थिक विपत्तिले वंशनाससमेत गराउँछ भन्ने तथ्य यो कुराबाट प्रष्ट हुन्छ । धन भएको भए उषा र शिशु पूरै जीवन जिउन सक्ने थिए होलान् र समाजको सहयोग भएको भए पनि पूरै आयु बाँच्न सक्ने थिए । त्यसैले आर्थिक मापनको समाजले मानवहित गर्न सक्दैन भन्ने कुरा पुष्टीकरण भागले देखाइएको छ ।

**२. निष्कर्षण**

जस्तोसुकै विपत् परे पनि धैर्य र देशप्रेमले बाँच्न सिक भन्ने कुराको निष्कर्ष प्रस्तुत छ ।

**४.१.४ वस्तु**

यस **उषाकिरण** खण्डकाव्यको वस्तुलाई कथानकको विकास र त्यसको व्यवस्थापनलाई निम्नानुसारले देखाउन सकिन्छ ।

१. आदि

१. चिनारी

२. सङ्घर्ष विकास

२. मध्य

सङ्कटावस्थाका चरणहरू

३. अन्त्य

१. सङ्घर्षह्रास

२. उपसंहार

**४.१.४.१ आदि : चिनारी**

प्रवेश भाग १ **उषाकिरण** खण्डकाव्यको प्रवेशद्वारकै रूपमा लिइएको छ । यस भागमा नेपाली समाजका बस्तीहरूमा उज्यालोका किरण ल्याएर बिहानी लाली छाउँदै नेपालीका आँगन शोभायमान पार्ने मनोकाङ्क्षा उषा र किरणले लिएका छन तर सो चाहना पूरा हुन सकेको छैन् । समाजमा धनी र सामन्त सोच भएकै मानिसको बाहुल्यता र भूमिका रहेकाले त्यस्तालाई छिमलेर होइन जरैदेखि उखेल्नुपर्ने कुरालाई चित्रण गरिएको छ भने धनको तराजुबाट मानवीय जोखतौल गरिनु किमार्थ राम्रो होइन भन्ने तथ्यलाई खण्डकाव्यमा वस्तुको चिनारीको रूपमा अघि सारिएको छ ।

**सङ्घर्षविकास**

उषा र किरणको विषम आर्थिक पारिवारिक अवस्था भए पनि विचार र भावनाको मेलको कारणले ती दुबैमा पवित्र प्रेमको अङ्कुरण भई झ्याँगिन्छ र सामाजिक रीत र बन्धन तोड्दै प्रेम विवाहमा बाँधिन्छन् । उषाले बाबुको घर त्यागदछे । यहीँबाटै पहिलो सङ्कटावस्थाको बीजाधान भई सङ्घर्षविकासको स्थिति आउँछ ।

**४.१.४.२ मध्यभाग**

**दोस्रो सङ्कटावस्था**

उषा र किरणको विवाह भएपछि मेरो एउटा फुल फुट्यो र माइतको ढोका उषाले आफै बन्द गरेर भिखारी नाङ्गाबुङ्गासित गएकाले मैले छोरीको नाता त्यागदछु भनी उषाका बाबुले छोरी उषालाई त्याग्नु  खण्डकाव्यमा दोस्रो सङ्कटावस्थाको रूप हो । किनभने धनी बाबुले स्वीकार गरिदिएको भए किरण बिदेसिनु पर्ने थिएन । आर्थिक उपायहरू हुन सक्दथे होलान् ।

**तेस्रो सङ्कटावस्था**

बाबुपछि बाबुको भारवहन गरेको किरण अरब गएपछि घरव्यवहार चलाउन आपत् पर्दछ र साहुबाट थप ऋण काढ्छन् । रोशनले आर्थिक-अवस्थाकै कारणले पढाइ छाड्छ भने विवाहताका नजिकिएका उषाका शुभचिन्तकहरू पर्दाभित्रबाट सङ्कटमा पार्न खोज्दछन् । यसरी यस भागमा समन्ती सोँच र निर्धनको अवस्थालाई खण्डकाव्यमा चित्रण गरिएको छ ।

**चौथो सङ्कटावस्था**

दाजु नभए पनि भाइ रोशनले आमा र भाउजूको सामान्य रेखदेख र सहयोग गरेको हुन्छ । ऋण गरेर भौतिक दुःखलाई मानसिक सुखमा रूपान्तरण गरेर आशाको त्यान्द्रामा बाँचेको परिवारले देशमा जनआन्दोलन मच्चिएपछि रोशनलाई युद्धमा सरिक गर्दछ । जन्मदिने आमालाई छाडेर रोशन जन्मेको मातृभूमिको मुक्तिका लागि मोर्चाबन्द भएपछि उषा र आमा अपाङ्ग सरी हुन्छन् । रोशन सहिद बन्दछ र

वियोगको ज्वाला दन्किन्छ । आमा मर्छिन् र उषाको परिवार पुरुष र साहराविहीन हुन पुग्नुलाई चौथो सङ्कटावस्थाका रूपमा खण्डकाव्यले अँगालेको छ ।

**पाँचौं सङ्कटावस्था**

घर छाडेर केही कमाउन गएको किरण अरबमा कामको निश्चित नभएको भिसाले गर्दा विचल्लीमा पर्दछ । फ्याँकेका रोटी खाएर ज्यान पाल्नुपर्ने भएको हुन्छ भने केही समय जेलसमेत पर्दछ । पैसा नहुनाले घरतिर एकपटक मात्र फोन गर्छ र चिठी पठाउने सम्म उसको अवस्था हुँदैन । बिरामीसमेत पर्नु किरणको दुर्भाग्य नै भएको छ । यो पाँचौं सङ्कटावस्था हो ।

**छैटौं सङ्कटावस्था**

रोशनको मृत्युले आमाको मृत्यु नजिकिन्छ । सासूको मृत्यु भएपछि क्रियामा बसेकी अनाथिनी, दोजिया उषाका पिँढीमा साहुले ऋण फर्काउन भन्दै आउँछ । जुन अवस्थाले सुकोमल कुसुमजस्ती उषालाई ऋणमा वैलाएझैं वैलाउनु पर्दछ ।

**सातौं सङ्कटावस्था**

पतिको खबर नपाउनु, देवर र सासूको अन्त्य भइसक्नु, घरमा कुनै खाद्यसामग्री नहुनु र त्यसैबेला प्रसवका दिन नजिक हुनु अनि चरम पीडाको प्रसवावस्था हुनु, पानी पनि खान नपाउने वेसहारा अवस्थामा छोरालाई जन्म दिई अत्यधिक रक्तस्राव भई चौकामै मर्नु यस काव्यको चरम सङ्कटावस्था हो ।

**४.१.४.३ अन्त्य : सङ्घर्षह्रास**

किरण घर आइपुगेपछि आमालाई बोलाउँदै अँध्यारो झुपडीमा पस्दछ । आमाको त स्वर कहाँ हो र प्राणप्यारी उषाको पो सुतिरहेको अवस्था देख्दछ । ऊ बोलाउँदै नजिक जाँदा नजिकैमा मृत वच्चा देख्दछ अनि कथानक सङ्घर्षबाट ह्रासोन्मुख हुन्छ । त्यसपछि ऊ विह्वलित भई आफ्ना सम्पत्तिलाई माटामा पुर्दछ । यसरी खण्डकाव्य कथावस्तु अन्त्यतिर मोडिन्छ ।

## उपसंहार

उपसंहारमा किरणको चाहना पूरा नभएको र यस संसारमा दुःखको प्रतीक बनी बाँच्नुपरेको कुरा उल्लेख गर्दै समाख्याताद्वारा खण्डकाव्यलाई विषम सामाजिक बनोटले गर्दा वियोगान्तमा पुऱ्याइएको व्याख्या गरिएको छ । कसैको जीवन यसरी भासमा पर्न नपरोस् भन्ने कामना गर्दै यो आख्यानात्मक खण्डकाव्यीय वस्तुले कालजयी भई सबैका लागि मानवता सिकाउन सकोस् भन्ने धारणा राख्दै आख्यानात्मक संरचनात्मक काव्यको विकास र व्यवस्थापन भएको देखिन्छ ।

## ४.१.५ सहभागी

**उषाकिरण** खण्डकाव्य अल्पसङ्ख्यक सहभागिता रहेको खण्डकाव्य हो । यसमा उषा, किरण, आमा, शोषक उषाको बाबु, उषालाई फकाउने पात्रहरू, साहु, माया, प्रवासी नेपाली आदिहरूको फाटफुट रूपमा सहभागिता भए पनि उषा र किरण मूल सहभागी हुन् । रोशन र आमा खण्डकाव्यमा राष्ट्रभक्तिको अभिलाषा परिपूर्ति गर्ने आर्दश र साहसी सहभागीहरू हुन् ।

### १. उषाका चारित्रिक अभिलक्षण

यस खण्डकाव्यमा उषालाई सुशीला, रूपवती, आदर्शवादी, प्रेरणादायी, सुश्रूषु, धीर, पतिव्रता एवम् सत् युवतीका रूपमा उभिएकी सहभागीका रूपमा प्रस्तुत गरिएको छ ।

उषाको बानी नम्र र सुशील खालको छ । ऊ जहिले पनि जहाँ पनि नम्र भएको कुरा खण्डकाव्यमा प्रतिबिम्बित छ । साह्रै मिलेको जीउ र जवानीको उचित विकास भएकी उषा आफ्नो अमर प्रेमको आदर्शमा रही छिमेकीले फकाउँदा पनि किरणप्रति खिन्न नहुने देखिएकीले पतिव्रता नारी मानिन्छे । उषाले धनका बाटा स्वदेशमै खोज्न र आफ्नै देशमा वस्ने प्रेरणा किरणलाई दिन्छे । जसले गर्दा ऊ आदर्श राष्ट्रवादी पात्रका रूपमा चित्रित छे ।

आमासमान मानेर सासूको खुबै सेवागर्नु उसले नारीधर्म सम्झन्छे । जस्तै आपत् पर्दा पनि घर धानेर बसेकी उषालाई धैर्यको उच्च नमुना भएकी सहभागीका

रूपमा पुष्टि गराउँदछ भने ऊ नारीहरूको वर्गीय प्रतिनिधि मञ्च र बद्ध पात्रका रूपमा उपस्थित छे ।

## २. किरणका चारित्रिक अभिलक्षणहरू

किरण यस खण्डकाव्यमा दृढ, उत्तरदायी, मानवतावादी आदर्शवादी, राष्ट्रवादी एक पत्नीव्रत, सच्चरित्रजस्ता चारित्रिक अभिलक्षण भएको युवा, पुरुष पात्रका रूपमा चित्रित छ ।

किरण खण्डकाव्यभित्र दृढ देखिन्छ । धन कमाएर साहुका वचनवाण हटाउने र ससुराको बुङ्गाको बिल्ला उतार्ने कुरामा दृढ निश्चयी भएर त्यसैका लागि अरबमा गई धन कमाउने निधो गर्दछ । किरण एक जिम्मेवार प्रेमी, पति, पुत्र र दाजुका रूपमा खण्डकाव्यमा देखा पर्नुका साथै अरब जाँदा आफ्नो स्वदेश र घरको नयाँ खाका कोर्नु पर्ने छ भन्ने भाव राखी विदेश गएकोले ऊ उत्तरदायी सहभागीका रूपमा सुपरिचत छ । किरणले समाजमा उच-नीच नहोस् भन्ने चाहान्छ तर ससुराबाटै ऊ उपेक्षित हुन्छ तापनि उसले मान्छे अज्ञानी भएर कसैसँग दुस्मनी गर्नुहुँदैन भनी आफ्नो विचार नसुनिए पनि समाजलाई आदर्श बनाउन खोज्दछ । उसले राष्ट्र सुधार्ने सङ्कल्प गर्छ तर समाजमा आफ्नो केही नचले पनि राष्ट्रलाई सधैँ मुटुमा राखेर आन्दोलनमा सरिक भई अपाङ्ग समेत बन्नुले ऊ एक राष्ट्रवादी पात्रका रूपमा देखापरेको मूलपात्र हो ।

उषासँग प्रेम गरी उषाकै नाममा आफ्नो जीवन अडाएर राख्ने किरण कहिल्यै परस्त्रीवादी भएन र सत्यको मार्गमा हिँड्यो । त्यसैले किरण यस खण्डकाव्यमा निम्नमध्यम वर्गीय प्रतिनिधि पुरुष पात्र हुनुका साथै साहसी पुत्र, मञ्च र बद्ध पात्रको रूपमा देखापरेको छ ।

## ३. उषाको बाबुको चारित्रिक अभिलक्षण

उषाको बाबु यस खण्डकाव्यको असत् पात्र, सामन्ती प्रवृत्ति भएको व्यक्ति र पाषाण हृदयको प्रतीकका रूपमा चित्रित छ ।

आफ्नी छोरीले असल विचार भएको मानेर आफ्नै हृदयले रोजेको वरसँग प्रेमविवाह गर्दा खानदानियाँ घरान नभएकै भरमा ज्वाइँलाई बुङ्गाको संज्ञा दिँदै

छोरीसँगको नाता तोडिएको घोषणा गर्ने सामन्ती चिन्तनको चौघेराभित्रको प्रतिकूल एवम् समन्ती सोचका मानिसहरूको प्रतिनिधि पात्र हो । जसले धनमा नै इज्जत देख्दछ । त्यसैले ऊ यस खण्डकाव्यभित्र निकृष्ट, स्वार्थी, रवाफी सहभागी हो । ऊ पनि मञ्च र बद्ध पात्रका रूपमा देखापरेको छ ।

## ४. आमाको चारित्रिक अभिलक्षण

किरण, रोशनकी आमा र उषाकी सासूको रूपमा रहेकी आमा खण्डकाव्यमा सहायक स्त्रीपात्र/सहभागीका रूपमा उपस्थित छिन् । ऊनी यस खण्डकाव्यमा आदर्श, वृद्ध, धीर, भावुक र आदर्शवादी सत्पात्रका रूपमा चित्रित छिन् ।

उमेरले बुढी भएकी आमाको मन साँच्चिकै उदार छ र धैर्य गर्दै राष्ट्रप्रति भावुक बनेर आफूभन्दा ठूलो राष्ट्र हो भन्ने ठानेर आफू हिरनको दुनामा पर्ने बेलामा पनि काखको छोरो रोशनलाई देशमा चलेको जनआन्दोलनमा पठाउनुले उनी आदर्श, धीर राष्ट्रप्रेमी वृद्धा हुन् भन्ने तथ्य पुष्टि भएको छ । उनले उषालाई छोरीकै रूपमा संरक्षण दिन्छिन् । त्यसैले उनी सासूको प्रतिनिधित्व गर्ने सत्पात्रका साथै मञ्च र बद्ध पात्रका रूपमा खण्डकाव्यमा उभ्याइएको छ ।

## ५. रोशनको चारित्रिक अभिलक्षण

रोशन **उषाकिरण** खण्डकाव्यभित्रको एउटा युवापात्र हो। रोशन देशप्रेमी, साहसी, भौतिकवादी र गतिशील पात्रका रूपमा खण्डकाव्यमा चित्रण गरिएको छ ।

बाबु मरेको टुहुरो र दाजु घर नभएको अवस्थामा पनि रोशनले आफ्नो घरको परवाह नगरी जनआन्दोलनमा सरिक हुन्छ । जन्मदिने आमाभन्दा जन्मिएको मातृभूमिको चरण ढोग्न पुग्ने रोशन युद्धमै सहिद बनेर एक राष्ट्रवादी युवाको रूपमा आफूलाई खण्डकाव्यमा स्थापित गरेको छ । पटकैपिच्छे मानिस जन्मन्न । त्यसैले यसै जन्ममा सङ्घर्षै गरेर बाँच्नुपर्दछ । केवल मृत्युको पानामात्र गन्नु कायरता हो भन्ने रोशन समयसापेक्ष चल्ने गतिशील पात्रको रूपमा उपस्थित छ ।

उसले आन्दोलनबाट मात्र परिवर्तन सम्भव छ भन्ने ठहर गरी आमासँग बिदा मागी साहसका साथ आन्दोलनमा जाने निर्णय गरेको हुनाले ऊ खण्डकाव्यमा सत्पात्र

र राष्ट्रप्रेमी युवाहरूको प्रतिनिधि निम्न वर्गीय पात्र का रुपमा उपस्थापित भएको छ । ऊ खण्डकाव्यमा मञ्च र बद्ध पात्रका रूपमा पनि उपस्थित छ ।

## ६. छिमेकी पात्रहरूको चारित्रिक अभिलक्षण

**उषाकिरण** खण्डकाव्यमा उपस्थित छिमेकीहरू स्वार्थी, ईर्ष्यालु र सामन्ती पाराका चरित्रका रूपमा चित्रित छन् ।

किरणको घरजम घरानियाँ केटीसँग भएको हेर्न नसक्ने वंश तथा छिमेकीहरू किरणलाई ठाडो शिर पारेको देख्न नचाहाने ईर्ष्यालु सहभागीहरू हुन् । किरण त फकिर जस्तो मान्छे हो । अझै केही बिग्रिएको छैन बरु फर्केर बाबुको घरमा जाऊ । बाबुले पनि शरण परे स्याहार्ने छन् र तिमी जस्ती रूपवतीलाई अरूले पनि लैजाने छन् भन्ने सल्लाह दिन खुब नजिकिन्छन् तर सतीत्वमा अडिएपछि उषालाई आपत् पर्दा फर्केर नहेर्ने छिमेकी पात्रहरू असत् पात्रका रूपमा देखिन्छन् र सामन्ती पात्रका छायाँ पत्रका रूपमा भूमिका खेलेका छन् । उनीहरूलाई पनि खण्डकाव्यमा असत् पात्र भए पनि मञ्च र बद्ध पात्रका रूपमा उपस्थित गराइएको छ ।

## ७. साहुका चारित्रिक अभिलक्षणहरू

**उषाकिरण** खण्डकाव्यमा साहु निर्दयी र धनरतिग्रन्थीयुक्त पात्रका रूपमा चित्रित भएको छ । ऋण दिएकै भरमा खेत बन्धकी हडप्ने, कि ऋणतिर् कि दास बन् भनेर उषालाई क्रिया बसेको बेला दबाब दिन आउने साहु निर्दयको चरम मूर्ति र धनबाहेक संसारमा केही छैन भन्ने धनलोलुप पात्र हो । खण्डकाव्यमा ऊ सामन्ती चरित्र भएको दुष्ट साहुहरूको वर्गीय प्रतिनिधि पात्रका रूपमा चित्रित छ भने ऊ मञ्च र बद्ध पात्रको रूपमा पनि खण्डकाव्यमा उपस्थित छ ।

## ८. मायाका चारित्रिक अभिलक्षणहरू

माया **उषाकिरण** खण्डकाव्यकी दयालु, मानवतावादी र आदर्शवादी युवती हो । मायालाई मायाकै प्रतिमूर्तिका रूपमा खण्डकाव्यमा उभ्याइएको छ ।

सबै छिमेकी र आफ्नै घर परिवारले समेत इमान्दार, स्वाभिमान र आदर्शतामा चल्ने भएकाले किरणको परिवारलाई असहयोग गर्दछन् र उषालाई प्रसव वेदना भएको

बेला खुच्चिङ भन्नसमेत पछि हट्दैनन् तापनि मायाले घरपरिवारले देख्लान् भनेर उषा प्रसव वेदनामा छटपटिएको बेला लुकाएर भए पनि पानी लगेर दिन्छे । एकैछिन भएपनि उसले उषाको साथ दिन्छे यसरी ऊ खण्डकाव्यभित्र मानवतावादी युवतीका रूपमा चित्रित छे । ऊ काव्यमा मञ्च र बद्ध पात्रकै रूपमा उपस्थित भएकी छे ।

### ४.१.६ परिवेश

यस खण्डकाव्यमा परिवेश जनाउने विभिन्न स्थान, समय, वातावरण र घटनाक्रमहरूका साथै प्रकृतिको चित्रण पनि यस कृतिभित्र संश्लेषित छन् ।

किरण झिम्रुक नदी छोडेर अरबतिर जाँदा बिजुली बालेकी झिम्रुक भुल्न नसकेको दृश्य छ । उषा र किरणको प्रेम बस्ने शिक्षाको थलो कलेजको उपस्थिति छ भने सानो झुपडी घरभित्र उषा र किरण दुबै चाहिएको छ । यहाँनेर आउँदा शीर्षक लक्ष्यार्थमा अडिएको पाइन्छ । किरण अरबमा एकाध वर्ष बिचल्लीमा परेको घटना छ भने उषा सुत्केरी हुने कुराले खण्डकाव्यभित्र ९-१० महिना भित्रै वियोगका घटना शृङ्खलाबद्ध ढङ्गले घटित भएका छन् ।

नेपालको राजनैतिक आन्दोलन चर्कन्छ जहाँ सामन्ती सत्ताको खोल च्यात्न रोशन मोर्चाबन्द भएको उल्लेख पाइन्छ भने धन साध्य नभए पनि अस्तित्वमा रहने साधन हो भन्ने बुझी किरण बिदेसिएको कुरा देखाएर पञ्चायतको पतनपछि पनि देशबाट गरिबी नहटेको तथ्यतर्फ यस खण्डकाव्यमा उल्लेख गरिएको छ । आर्थिक-सामाजिक अवस्था र सोचाइको चित्रण परिवेशका रूपमा पाइन्छ ।

### ४.१.७ उद्देश्य

यस खण्डकाव्यको प्रमुख उद्देश्य नेपालको सामाजिक, आर्थिक तथा साँस्कृतिक यथार्थको प्रकटीकरण गर्नु हो । आर्थिक विपन्नता र अभावका कारण नेपाली युवाहरू बिदेसिन बाध्य छन् । विपन्नताकै कारणले नाताले नाताविच्छेद गरेको छ । वाध्यतापूर्वक बिदेसिनु पर्दा पति-पत्नी, आमा-छोरा, दाजु भाइ, इष्ट-मित्र आदिबाट टाढिनुपर्ने र प्रेमको दुःखद् अन्त्य हुने गरेको सामाजिक यथार्थको प्रस्तुति र विपन्नले

स्वत्वमा जीउन नपाउने कुरा साहुको दबाबले गर्दा किरण बिदेसिनु परेको मार्मिक प्रस्तुतीकरण मै यो काव्य केन्द्रित छ ।

समग्र काव्यमा आर्थिक अभावको दिग्दर्शन प्रस्तुत गरी त्यसैका कारणले प्रेम र परिवारमा दुर्घटनाको कालो वादल लागेको तथ्य प्रस्तुत गरिएको छ । यस काव्यमा केही सहभागीहरूले मानवतावादको उपहास गरे पनि प्रवासी नेपाली र मायामा मानवतावादी चिन्तन जीवितै रहेको कुरा पनि अभिव्यञ्जित छ । यस खण्डकाव्यमा मानवतावादी-आदर्शवादी चिन्तनलाई हेर्दा नेपाली जनजीवनको सामाजिक, आर्थिक दुरावस्थाका कारण उत्पन्न त्रासद परिस्थितिको यथार्थ चित्रण नै यस काव्यको उद्देश्य रहेको देखिन्छ ।

### ४.१.८ दृष्टिबिन्दु

यस **उषाकिरण** खण्डकाव्यको कथा कवि स्वयंद्वारा वर्णन गरिएको छ । कविले कथा पाठकसमक्ष प्रस्तुत गरेको हुँदा यसको समाख्याता कवि स्वयम् देखिन्छन् । कतै पात्रहरूलाई वार्तालाप गराएर, कतै आफै टिप्पणी गरेर समाख्याता आख्यानभन्दा बाहिरै रही आफू सर्वज्ञ भएर अरूका भाव विचार र घटनालाई प्रस्तुत गरिएको छ । यसरी कविलाई काव्यका सम्पूर्ण घटनाका पूर्व जानकारी भएको हुनाले यहाँ तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग भएको स्पष्ट देखिन्छ । यस कृतिमा कवि सर्वज्ञ समाख्याता भई निम्नलिखित  दुई प्रकारका विचारधाराहरू प्रस्तुत गरेका छन् ।

१) धनोपार्जनका लागि घरपरिवार त्यागेर बिदेसिनु पर्ने बाध्यात्मक आवश्यकता,

२) मानवतावादलाई सधैँ जिउँदो राख्नुपर्ने  तथ्यको प्रस्तुति ।

उपर्युक्त दुबै विचारधाराको भोक्ता खण्डकाव्यकै प्रमुख पात्र किरण रहेको छ । स्वदेशमा रोजगारीको अभावका कारण आफ्नो परिवारबाट बिछोडिएर धन कमाउनका लागि बिदेसिनुपर्ने नेपाली युवाहरूको बाध्यता र विवशतालाई यस खण्डकाव्यमा मार्मिक रूपले प्रस्तुत गरिएको छ ।

### ४.१.९ भाषाशैलीय विन्यास

यस आख्यानात्मक खण्डकाव्यमा झ्याउरे लोक छन्दको प्रयोग गरिएको छ । ३+२, ३+२ र ३+३ को अक्षरमा दुई हरफको एक श्लोक बनाई आख्यानलाई आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा प्रस्तुत गरिएको छ । कताकतै कविको आफ्नो उद्देश्य पूरा गर्न आञ्चलिक तर प्रचलित शब्दहरूलाई जोडेर अनुप्रास मिलाउने काम पनि भएको छ । जसलाई कृत्रिम व्यवस्थापन वा पादपूरण मान्न सकिएला । त्यसले पनि खण्डकाव्यलाई जीवनसापेक्ष पार्ने काम गरेको छ ।  कतै हुन्छलाई हुँदछ, भएको लाई भाको जस्ता कथ्य रूपको भाषाशैलीय विन्यास यस खण्डकाव्यमा भेट्न सकिए पनि ती भावोच्छलनको स्वाभाविक प्रक्रियाका रूपमा प्रस्तुत भएका छन् ।

यस खण्डकाव्यमा कतिपय ठाउँमा लोकोक्तिलाई समावेश गरी माधुर्य थप्ने र कतै उपमा, अतिशयोक्ति, दृष्टान्त, रूपकजस्ता अलङ्कारहरूले खण्डकाव्यीय भाषाशैली श्रुतिमधुर र गेयात्मक भई लयात्मक ढङ्गले जीवन्त देखिन्छ ।

### ४.१.१० उपसंहार

**उषाकिरण** खण्डकाव्यको केन्द्रीय परिधि किरणका शाश्वत आर्दश, मानवता, वीरता र उसको कारुणिक पारिवारिक विखण्डनलाई कालजयी वेदना काव्यको रूपमा स्विकारेर सबैलाई पढिदिन उपसंहारमा अनुरोध गरिएको छ । किरणले झैँ अबका युवाले आर्थिक तुलोमा तौलिन नपरोस् भन्ने नै यस खण्डकाव्यको उपसंहार खण्डमा समाविष्ट गरिएको छ । मानवता बिर्सेको मानवले आदर्श समाजको निर्माण गरोस् । मानवीय मूल्य र अस्तित्त्वलाई जीवन्त राखेमा मात्र समुन्नत नेपाल बन्न सक्दछ भन्ने औपदेशिकतालाई उपसंहार भागले अनुरोध गरेको छ ।

### ४.१.११ व्याख्या र निष्कर्ष

यस आख्यानात्मक काव्यमा नेपालीहरू आर्थिक दुरावस्थामा र धनी भनाउँदाहरूको थिचोमिचोमा परेर आर्थिक उपार्जनका लागि बिदेसिन विवश भएको गूढ तथ्यलाई चित्रण गरिएको छ । आर्थिक अभावका कारण बिदेसिनुपर्ने बाध्यात्मक परिस्थिति नेपालीहरूको नियति नै भएको र यसको परिणाम पनि दुःखद् नै भएको कुरा

यस खण्डकाव्यमा व्याख्या गरिएको पाइन्छ । यस खण्डकाव्यको नायक किरणलाई एक निम्न वर्गीय प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ भने नायिका उषालाई आफ्नो पतिको साथ छोड्न नचाहने र पतिको काख नै आफ्नो स्वर्ग भएको महसुस गर्ने पतिव्रता नेपाली युवतीको प्रतिनिधि पात्रका रूपमा अघि सारिएको छ । यस खण्डकाव्यको आदि भागबाट किरण अरब जान लागेको कुरा उषा र किरण को प्रस्तुतिबाट प्रस्टाइएको छ ।

सुरुमा आफूलाई एक्लो पारेर अरब नजान पतिसमक्ष अनेक अनुनयविनय गरे पनि साहुको ऋणको किलो आफ्नो छातीमा अटेसमटेस भएर रहेको र विदेश गई धन कमाएर ल्याई छाती खुल्ला पार्ने मनसाय किरणले व्यक्त गरेपछि तपाइँले छाडेमा म ज्यूँदी हुँदिन भनेकी उषाले पनि किरणलाई रोक्न सक्दिनन् र सासू र देवरको भरमा वस्नुपर्दछ ।

स्वाभिमान र पवित्र विचारकी धनी उषा आर्थिक सम्पन्नताको एषणा राख्दैन तर किरण विवश भएर बिदेसिन्छ । ऊ महलमा डुक्रेर बस्ने रहरले धनकमाउन बिदेश जाँदैछैन । आर्थिक सङ्कटावस्था टार्न र भाइलाई पढाउने खर्चको जोहो गर्न बिदेसिनु परेको कुरा उषालाई किरणले प्रस्ट पार्दछ । उषाको आर्दशवादिता र किरणको यथार्थवादिताबीचको अन्तर्द्वन्द्वबाट अन्तत : किरणको हार र उषाको आदर्शवादिताको जितमा **उषाकिरण** खण्डकाव्य टुङ्गिन्छ । यसबाट कविको आदर्शवादिताको जीवनदृष्टि छर्लङ्ग हुन्छ ।

हाम्रो पुरुषप्रधान सामाजिक परिवेशअनुसार किरणले घर र उषा छाड्नु परे पनि मुटुमा भक्कानो पारेर घरको उत्तरदायित्त्व बोध बढी भएकाले धन कमाउनतर्फ प्रवृत्त छ भने उसको इच्छालाई उषाले पनि रोक्न नसकी जानको लागि मौन स्वीकृति दिएर आफ्नो उत्तरदायित्त्व निर्वाह गरेकी छे ।

यस काव्यमा धन र मनको नभएर पतिपत्नीको प्रेम तथा आर्थिक अभावका कारण उत्पन्न समस्याका बीचमा द्वन्द्व भएको छ । यसमा परिस्थितिजन्य द्वन्द्व छ । द्वन्द्वको सिर्जना आर्थिक विपन्नता वा आवश्यकताले गरेको छ ।

काव्यका आधारमा उषा र किरण कुनै प्रतीक वा प्रतिमूर्ति होइनन् । यी दुई नायक र नायिका अवश्य हुन् । काव्यमा यिनका बीचमा द्वन्द्व वा हारजितको कुरा छैन । बरु उषा र किरणकै नामबाट यस खण्डकाव्यको शीर्षकीकरण गरिनु सामञ्जस्य छ ।

आर्थिक विपन्नताका कारण पतिपत्नीबीचको आत्मिक प्रेमको दुःखद् र बलिदानीपूर्ण अन्त्य भएको सामाजिक यथार्थको प्रकटीकरण यस काव्यको मुख्य उद्देश्य हो । **उषाकिरण** काव्य एउटा दुःखान्त आख्यान हो । यसलाई दुःखद् तुल्याउने कारकतत्त्व आर्थिक अभावका कारण बिदेसिनु पर्ने बाध्यात्मक परिस्थिति नै रहेको छ । सामाजिक, आर्थिक दुरावस्थाका कारण बिदेसिन बाध्य निम्न मध्यमवर्गीय नेपाली जनजीवनको जीवन्त चित्र खिचिएको यस काव्यमा धन र मन दुबै आवश्यक भएको र धन कमाउनतर्फ लाग्दा अनेक दुःख कष्ट, बिध्नबाधा, आपत्ति पनि आइलाग्न सक्छ भन्ने कुरा यस खण्डकाव्यमा अभिव्यञ्जित छ । धनआर्जन गर्न जाँदा सुख हुने त रहेनछ, कमाइहाले पनि उपभोग गर्न पाइनेनपाइने कुनै निधो पनि हुँदो रहेनछ भन्ने कुरा किरणको जीवन घटनामा प्रस्टिएको छ । मन भनेको आत्मा हो । उषाको मनलाई दुःखमा पारेर धनका लागि बिदेसिएको किरणले वियोगको पीडा खपेर स्वदेशमा सँगै बसेर धनका बाटा खोजौँला भन्ने उषाको मन पक्षलाई जित्न सकेको छैन । यहाँ मनका अघि धन दुर्बल साबित भएको छ । किरणसँग न धन न उषा र पारिवारिक मन बाँकी छ । यसरी **उषाकिरण** खण्डकाव्य दुःखान्तमा टुङ्गिएको छ ।

### ४.१.१२ निष्कर्ष

तृतीय पुरूष दृष्टिबिन्दुमा सर्वज्ञ समाख्याता कवि स्वयंले मुख्य तथा किरणको कथालाई अन्य सहभागीसँग पनि अन्वित गर्दै आख्यानात्मक मध्यम खालको, उपयुक्त आयाम, वर्णनात्मक विधिको यथोचित प्रयोग, घटना र दृश्यको परिवर्तन, विभिन्न भागहरूमा यान्त्रिक एवम् तार्किक विभाजन गरिएको यो कृति गतिशील र स्वनिष्ठ आख्यानात्मक संरचनाका रूपमा रहेको छ । अर्थोपार्जनका लगि बिदेसिनुपर्ने बाध्यता र त्यसबाट उत्पन्न दुःखद् परिस्थिति, एउटा सिङ्गो परिवार ध्वस्त हुनु वा बिछोडिनुजस्ता दुःखद् घटनावलीहरूको वर्णन गरिएको यो कृति मृत्यु र त्रासदीको जीवन्त गाथाका रूपमा संरचित आख्यानात्मक संरचना हो ।

# सन्दर्भग्रन्थसूची

लुइटेल, डा. खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७ ।

, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

, **कविताको संरचनात्मक विश्लेशषण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

, **कविताको संरचनात्मक विश्लेषण**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि. वि., कीर्तिपुर, २०५८ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली कविता र आख्यान,** काठमाडौँ : नवीन प्रकाशन, २०५५।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** ते. सं., काठमाडौँ : साझा प्रकाशन २०४९ ।